# अध्याय एक

## परिचय

### १.१ पृष्ठभूमि

नेपाल एउटा भुपरिबेष्टित देश हो, यो दुई ठूला राष्ट्रहरूको बिचमा रहेको छ । जसलाई कुनै समुन्द्र सतहले छोएको छैन । यो एउटा दुई ढुङ्गा विचको तरुल भन्दा पनि हुन्छ । यो एशिया महादेशमा पर्दछ । जसले ०.३% भू भाग ओगटेको छ । क्षेत्रफलको हिसाबले नेपाल १,४७,१८१ वर्ग किलोमिटर रहेको छ । क्षेत्रफलको हिसाबले सानो भए तापनि नेपाल भौगोलिक विविधता जैविक विविधता र सामाजिक सांस्कृतिक,विविधताले भरिपूर्ण छ । भौगोलिक दृष्टिकोणले सानो मुलुक नेपालमा विभिन्न जातजाति भाषाभाषी धार्मिक र सांस्कृतिक हिसाबले अनेकतामा एकता रहेको पाइन्छ । नेपालमा विभिन्न जातजाति जस्तै बाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, मगर राई, लिम्बू आदिको बसोबासले अनेकतामा एकता रहेको आभास हुन्छ । त्यस्ता जाति मध्येको एक हो नेवार जाति ।

आदिवासी राष्ट्रियता ऐन, २००२ का अनुसार आदिवासी राष्ट्रियता भन्नाले त्यस्ता जनजाति समुह वा समुदायलाई जनाउँछ जसले आफ्नै मातृभाषा, परम्परागत मूल्य मान्यता छुट्टै सांस्कृतिक परिचय छुट्टै सामाजिक संस्कार र लिखित वा अलिखित इतिहास हुन्छ । सामाजिक सांस्कृतिक विविधताको विशेषता भन्नु नै जात धर्म, जनजातियता, भाषा र संस्कृतिमा आएको विविधता हो । क्षेत्रफलको हिसावले सानो भए तापनि नेपाल भौगौलिक विविधता, जैविक विविधता र सामाजिक, सांस्कृतिक हिसावले अनेकतामा एकता रहेको पाइन्छ । नेपालमा विभिन्न जातजाति जस्तै बाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, राई लिम्बू आदिको बसोबासले अनेकतामा एकता रहेको आभास हुन्छ । त्यस्ता जाति मध्येको एक हो नेवार जाती(HMG-N, 2002)।

नेवार तिब्बत बर्मेली (तिबेतोबर्मन) भाषिक परिवारअन्तर्गत नेवारी भाषा बोल्दछन् । दसौं शताब्दीपूर्व काठमाडौं उपत्यकाभित्र नेवारहरूको इतिहास नभेटिएको र त्यसपछि -दसौं शताब्दीपछि भने उपत्यकामा उनीहरूको बसोबास भएको कुरो इतिहासमा उल्लेख छ(शर्मा, २०३९) ।

चीनबाट मञ्जुश्री नेपाल आएको र चोभारबाट पानी बाहिर पठाइ उपत्यकालाई बस्न योग्य बनाएपछि काठमाडौँको उत्पत्तिको शुरुआतदेखि नै गोपालवंशीय राजाहरूको शासन सञ्चालन भएको कुरा इतिहासमा चर्चा गरिएको छ । नेवार समुदायलाई एउटा जातीय संगठनको रूपमा लिइन्छ । काठमाडौँ उपत्यकामा बाहेक विभिन्न जिल्लाहरूमा यिनीहरूको बसोबास छ । जस्तै सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा, भोजपुर, धनकुटा, इलाम, बाग्लुङ्ग, गोर्खा, पाल्पा, गुल्मी, तनहुँ, कास्की आदि यसरी देशभर छरिएर रहने क्रममा कास्की जिल्लामध्ये गण्डकी प्रदेशको विभिन्न ठाँउमा नेवारहरू बसोबास गर्दछन । नेवारहरू प्राय शहरीक्षेत्रमा बढी पाइन्छन् । व्यापार व्यवसायलाई प्रमुख पेशा बनाएको कारण नेवारहरू शहरबजार केन्द्रित भएको पाइन्छ ।

केही विद्वानहरूले नेपाल 'नेपार' र नेवार लाई पर्यायवाची शब्द मानेका छन् । इङ्ल्याण्ड निवासी इङग्लिस र अफगानिस्तान निवासी अफगान भएझैं नेपालका निवासी नेवार अथवा त्यसको संक्षिप्त रूप नेवा हुनुमा कुनै शङ्का छैन । इतिहासशिरोमणि बाबुराम आचार्यका भनाई अनुसार प्राचीन कालमा नेपाललाई नेपार भनिन्थ्यो र त्यही शब्द अपभ्रंश भई नेपाल भएको हो । यसलाई प्रमाणित गर्ने वैज्ञानिक आधार फेला नपरे तापनि अर्को व्यक्ति सुनीतिकुमार चटर्जीले नेपाल र नेवार शब्द एकै हुन् भन्दै त्यसको पुष्टिमा भाषाको दृष्टिकोणमा प र ल को ठाउँमा व र ल उच्चारण गर्ने प्रवृत्तिअनुसार नेपाल शब्द अपभ्रंश भई नेवार शब्द हुन आएको हो भनेका छन् (शर्मा, २०३९) ।

काठमाडौका आदि पुर्खा किराँत लिच्छवीहरू मानिन्छन । विभिन्न समयमा यहाँको विभिन्न विशेषताहरूले आकर्षित भएर यहाँ आएकाहरू सबै कालान्तरमा नेवार भएर गएको मङ्गोल र केही मात्रामा यहाँका अष्टेलाइज आदिवासी सबै मिसिएका छन् भन्ने विश्वास गरिन्छ । त्यसैले नेवार र धेरै दिशाबाट आएका तर कलान्तरमा सबै नेवार भनिने एउटा जात वा जाति होइन, यसभित्र धेरै जातका र धेरै दिशाबाट आएका तर कालान्तरमा सबै नेवार भनिने गरेका मानिस छन् । त्यस्तै नेवारी भाषा पनि तिव्वत बर्मेली हो तापनि यसमा प्रशस्तमात्रमा भारोपेली भाषामध्येका संस्कृत र त्यसपछि नेपाली भाषाको प्रभाव परेको पाइन्छ । नेवारमध्ये खेतीको काम गर्ने ज्यापू व्यापार व्यवसाय र आर्थिक स्थितिमा उच्च ठहरिने क्षेत्री बराबरका श्रेष्ठ छ थरी तथा बाहुनहरू पनि छन् । तर भाषा रीतिरिवाज, चालचलन यी सबैलाई मिलाएर नेपार भन्ने गरिन्छ (विष्ट, २०३०) ।

नेवारहरूको जनजीवनमा अभिन्न रूपमा गाँसिएको संस्था हो गुठीसङ्गठन । यसले विभिन्न कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसको वर्णन गर्नुअघि गुठी के हो भन्ने बारे चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

गुठी संस्कृत शव्दको गोष्ठी बाट अपभ्रंश भई बनेको शब्द हो । संस्कृत भाषामा गोष्ठीको अर्थ सभा, सम्मेलन, भेला वा परिषद् भन्ने बुझिन्छ । समयको अन्तरालमा गोष्ठी भन्दाभन्दै गुठी हुनगएको हो । सामूहिक उत्तरदायित्व बहन गर्ने हिसाबले गोष्ठी हुदाँहुँदै गोष्ठीबाट गरिएको कार्यले समाज र राष्ट्रमा सन्तोषजनक योगदान दिन सकेको कारणले गुठीको स्थायित्व परम्परादेखि बढ्दै आइरहेको छ । मानिस समाजविना अलग्गिएर बाँच्न सक्दैन । त्यसैले सहयोग र सद्भावना सबै पक्षबाट कायम रहनुपर्दछ भन्ने भावनाको प्रतीक नै गुठी हो (टण्डन, २०५२) ।

परम्परा देखि नै समाजमा आइपर्ने वा आवश्यक भएका कार्यहरू गर्न एउटा संगठन चाहिन्छ, जसलाई एउटा गुठीले सिकाउँछ । गुठीले समाजलाई धर्म संस्कृति र लोक कल्याणकारी भावना जगेर्ना गर्ने योगदान पुराएको छ । नेपालीहरू धर्मप्रति आस्थावान भएकोले गुठीप्रति श्रद्धा र विश्वास बढ्दै गएको छ । नेपालको गुठीव्यवस्था भूमि व्यवस्थाको उपजका रूपमा देखापर्दै आइरहेको छ । परम्परागत रूपमा गुठी नगद र जिन्सीको रूपमा देखिदै आएको छ । तर नगदको अभावका कारणले भूमि नै गुठीको रूपमा राखिदै आएको पाइन्छ । गुठीको इतिहासलाई हेर्दा लिच्छवी राजा मानदेव (प्रथम) को चाँगुनारायणको ५२१ को अभिलेखमा पहिला गुठी शब्दको उल्लेख कुनै न कुनै रूपमा भएको पाइन्छ । त्यसकारण लिच्छवीकालमा गुठी व्यवस्था पौढरूपमा पुगिसकेको थियो भन सकिन्छ (बज्राचार्य, २०३०) नेवारहरूले दुई किसिमको धर्म मान्दछन्, एक बौद्ध र अर्को हिन्दू हुन्छन् । ती मध्ये जो भएता पनि नेवारहरू आफ्नो गुठीमा आवद्ध हुन्छन् ।

गुठीले उनीहरूलाई अनुशासनमा राख्न साथै आफ्नो जिमेवारी के हो भन्ने र गर्न सिकाउने गर्दछ । गुठीको प्रथा नेवारवाहेक नेपालमा अन्य जातिमा विरलै पाइन्छ । गुठीहरू पनि धेरै प्रकारका हुन्छन् । तीमध्ये सबैभन्दा प्रमुख तीन प्रकारका गुठी देखिन्छन् ती गुठी हुन् सानागुठी सींगुठी र देवाली गुठी, सानागुठी र सी गुठीको काम मृत्युसंस्कारसित सम्बद्ध देखिन्छ । यी दुई गुठीको एउटै कार्य भएता पनि तिनका वेग्लावेग्लै प्रकारका कार्य, प्रकृति र उत्तरदायित्व हुन्छ । सीगुठीले शव उठाउने र दाहसंस्कार गराउने काम गर्दछ । भने सानागुठीले शव उठाउँदा आवश्यक सहयोग गर्ने र घाटसम्मसँगै गएर आवश्यक सहयोग

गर्दछ । सानागुठीले त्यस्तै अप्ठ्यारो नपारी शव उठाउने र दाहसंस्कार गर्ने वा गराउने काम गर्दैन । यसबाट यही भन्न सकिन्छसाना गुठीले आफू त्यसमा नमुछिई प्रबन्धकको मात्र काम गर्दछ (शर्मा, २०३५)।

त्यस्तै देवालय गुठी र नेवारी गुठी बिचमा केही भिन्नता पाइन्छ । देवालय गुठी भन्नाले धार्मिक प्रयोजन अर्थात मन्दिर र पुजापाठका लागि छुट्याएको नगद, पैसा जग्गा आदि बुझिन्छ भने नेवारी समाजको गुठी भन्नाले धार्मिक सांस्कृतिक कियाकलापको साथसाथै नेवारी जातिमा जातीय एकता कायम गर्न र एक आपसमा प्रकार्यात्मक सम्बन्ध कायम गर्न अनि आफ्नो छुट्टै विशिष्ट सांस्कृतिक कार्यहरूगर्न र मर्दापर्दा सहयोग गर्ने हिसाबले स्थापना भएको गुठी भन्ने बुझिन्छ । नेवारी गुठी एउटा विशिष्ट जातिमा आधारित गुठी हो भने अन्य देव देवालयसम्बन्धी गुठी सम्पूर्ण समाजको सामूहिक गुठी हो । त्यहाँ सवै वासिन्दाको संयुक्त लगानी गर्नु कर्तव्य हुन्छ ।

## १.२ गुठीको परिभाषा

कुनै पनि देशको उन्नति र विकासमा त्यस देशको अवस्थिति र भौगौलिक बनोटले महत्वपुर्ण प्रभाव पारेको हन्छ । नेपाल भौगोलिक हिसावले अति सानो मुलुकका रूपमा चिन्निछ । यहाँको जीविकोपार्जनको मुख्य आधार कृषि हो । तर अधिकांश नेवार जातिहरू व्यापार व्यवसायको हिसाबले अगाडि देखिन्छन्। यिनीहरू विभिन्न शहर र बजार क्षेत्रमा छरिएर रहेको पाइन्छ । जहाँ जता रहे तापनि गुठीमा आवद्ध हुनपर्ने नेवारहरूको प्रचलन हो । त्यसैले सर्बप्रथम गुठीका सम्बन्धमा विभिन्न विद्धानहरूले दिएको परिभाषालाई समावेश गर्नु सान्दर्भिक देखिन्छ । जसमध्ये प्रसिद्ध इतिहासकार तथा लेखक धनबज्र बज्राचार्यका भनाइअनुसार स्थानीय प्रशासनसम्बन्धी जनहितसम्बन्धी काम कुरा मिलाउन जसरी प्रत्येक ग्राम पञ्चायत खडा गरिएका थिए, त्यसै गरी धार्मिक र शिक्षा स्वास्थ्य आदि लैङ्गिक काम कुरा मिलाउन त्यस वेलामा गोष्ठीहरू खडा गरिएका थिए ।

आवश्यक कुरा मिलेर गर्ने भावना नै गोष्ठी प्रथाको आधार हो । गोष्ठी शब्दबाटै गुठी शब्द बनेको हो (बज्राचार्य, २०३०) ।

नेपालमा गुठीको व्यवस्थाबारे खोजमूलक अध्ययन अनुसन्धान गर्ने गोविन्द टण्डन गुठीको परिभाषा दिँदै लेख्छन् "गुठी शब्दले धार्मिक लैङ्गिक कामलाई प्रत्यक्ष रूपमा

बुझाउँछ भने परोक्ष रूपमा ती कार्यहरू गर्न राखिएको जग्गा वा रूपैयाँलाई बुझाउँछ"( टण्डन, २०५३) ।

दामोदर पौडेलका भनाई अनुसार गुठी भन्नाले धार्मिक भावनाले प्रेरित भएर कसैले कुनै काममा राखी त्यसको स्थिति बन्देज बाँधी त्यो परम्परा सनातन रूपमा चलिरहोस् भन्ने सदिच्छा राखी गरेको व्यवस्था हो(पौडेल, २०४४) ।

यसरी हेर्दा देव देवालको गुठी र नेवारी गुठीको बीचमा केही भिन्नता पाइन्छ । देव देवालयको गुठी भन्नाले खाली धार्मिक प्रयोजन अर्थात् मन्दिर र पूजापाठका लागि छुट्याएको नगद, पैसा, जग्गा आदि बुझिन्छ भने नेवारी समाजको गुठी भन्नाले धार्मिक सांस्कृतिक क्रियाकलापको साथसाथै नेवारी जातिमा जातीय एकता कायम गर्न र एक आपसमा प्रकार्यात्मक सम्बन्ध कायम गर्न अनि आफ्नो छुट्टै विशिष्ट सांस्कृतिक कार्यहरू र मर्दापर्दा सहयोग गर्ने हिसाबले स्थापना भएको गुठी भन्ने बुझिन्छ । नेवारी गुठी एउटा विशिष्ट जातिमा आधारित गुठी हो भने अन्य देव देवालयसम्बन्धी गुठी सम्पूर्ण समाजको सामूहिक गुठी हो । त्यहाँ सबै बासिन्दाको संयुक्त लगानी गर्नु कर्तव्य हुन्छ ।

## १.३ समस्याको कथन

कास्की जिल्ला ७७ जिल्लाहरू मध्ये एउटा महत्वपुर्ण जिल्ला हो । यस जिल्लामा विभिन्न जात जातिको बसोबास भएको पाइन्छ । यहाँको प्रमुख बासिन्दाहरूमा बाहुन, क्षेत्री, नेवार, मगर, दमाई, कामी आदि पर्दछन् । यो ७ प्रदेशअर्न्तगत गण्डकी प्रदेश नं ४ मा पर्दछ । प्रदेश नं. ४ को एक जिल्ला कास्की हो । कास्कीको पोखरा महानगरपालिका विभिन्न ३३ वडाहरूमा विभाजित छ जसमध्ये २, ३, ८, ९, १०, ११, १२, २६ भित्र बस्ने नेवार समुदाय बजार वरपरको क्षेत्रमा बसोबास गरेको पाइन्छ । यहाँ बसोबास गर्ने नेवारहरू आफ्नो जीवनपद्दति सञ्चालन गर्ने कममा आफ्नो पुरानो पुख्यौली गुठीलाई निरन्तर दिएको पाइन्छ । यहाँको नेवारहरूले आफ्नो जीवनलाई शहरीकरणले गर्दा सुगमताले आकर्षण गरेपछि सानातिना व्यापार व्यवसायको कारण आयस्रोतमा केही मात्रामा वृद्धि भई नेवारहरूको जीवनस्तर र सामाजिक सास्कृतिक जीवनमा समेत स्वाभाविक रूपमा परिवर्तन आएको पाइन्छ । सबैजना पूर्ववत्रूपमा सँगै एकजुट भएर बस्न नपाउँदा वर्तमान अवस्थामा यस समुदायका केटाकेटीहरूले आफ्नो नेवारी मातृभाषा समेत बोल्ननसक्ने पाइयो ।

नेवार जातिको उत्कृष्ट पहिचान गराउने गरी संङ्गठनले उनीहरूका बीचको आपसी प्रकार्यात्मक सम्बन्धलाई जीवित राख्ने सम्बन्ध गुठीसंङ्गठनको विस्थापन र बसाइँसराईले अप्ठ्यारो पारेको हुदाँ त्यसको निरन्तरतामा प्रश्न चिन्ह खडा गरेको छ । समयको विकास तथा आधुनिकीकरणको गतिसँगै यहाँका नेवारहरू पनि समाहित हुन बाध्य भए जसले गर्दा पुरानो गुठीसङ्गठन भत्कन पुगेको पाइन्छ । बसाई सर्ने क्रममा नजिकैका दाजुभाइ तथा छिमेकी तितर वितर भएर बसोबास गर्न थाले एउटै वडा बस्दै आएका गुठियारहरू फरक फरक वडा र ठाँउहरूमा बसोबास गर्न पुगे, त्यसैले गुठियारहरूबीच पूर्ववत् समीपताको अभाव खड्किन थाल्यो । नयाँ गुठीमा प्रवेश गर्दा अन्य समुदायसँग आफ्ना कुराहरू राख्न वा छलफल गर्न तथा अधिकार प्रयोगमा बन्चित हुँदा तथा चेतनाको अभावको कारणले गुठियारहरूबीचमा प्रगाढ सम्बन्ध नहुनुको साथै कतिपय महत्वपूर्ण कुरामा निर्णय लिँदा पक्षपात हुनगएको आभास हुन आउँछ । अर्कोतिर गुठीको कोषमा रकमको मात्रा बढ्दै गएकोले नयाँ गुठियारले त्यहाँ प्रवेश गर्दा तिर्नुपर्ने शेयर प्रवेश शुल्क सोहीअनुपातमा बुझाउनुपर्ने हुनाले नयाँ गुठियारलाई आर्थिक भारसमेत थपिएको पाइन्छ ।

एउटै परिवारका सदस्यहरू जब छुट्टिन्छन् अनि नयाँ गुठियारका रूपमा प्रवेश गर्नुपर्ने हुन्छ । तर नयाँ गुठियारलाई भन्दा छुट्टिएर थप गुठियार बन्नुपर्दाको शुल्क भने तिर्नु पर्दैन । तैपनि एक निश्चित रकम तिर्नुपर्ने हुनाले आर्थिक भार थपिन्छ । यसरी विभिन्न वडा र ठाँउ तथा टोलबाट गुठियारहरू जम्मा हुनेहुनाले पूर्ववत् नीतिनियम पालना गर्न र गराउन केही कठिनाइ पर्नु स्वाभाविकै हो । जब जब सङ्गठनको स्वरूप ठूलो हुँदै जान्छ तबतब त्यहाँ समस्या पनि थपिदै जान्छन । त्यसैले यस गुठीमा पनि खवर आदान प्रदान र जमघट समस्या देखा पर्न थालेको छ । जसले गर्दा समय बढी खर्च हुने र उपलब्धि न्यून हुने अवस्थासमेत देखापरेको छ, साथै यस्ता विभिन्न समस्याहरूलाई उजागर गर्ने गरी नेवारी गुठीसङ्गठनका बारेमा कुनै त्यस्तो शोधपत्र तयार भएको पाइएको छैन । त्यसैले यस अध्ययनमार्फत् नयाँ पिँढीलाई नेवारी सिंगुठीको बास्तविक पहिचान र आर्थिक सामाजिक महत्वबारे जानकारी हुनसक्छ । साथै यसले भविष्यको लागि यस्ता गुठीसङ्गठनले अझ सङ्गठित रूप दिने कार्यमा निरन्तरताको लागि जोड दिइएको छ ।

यसका केही प्रमुख समस्याहरू निम्नानुसार छन् :

क) गुठीसङ्गाठनको महत्व, आकार, अवस्था र प्रकृति कस्तो छ ?

ख) नयाँ गुठियारलाई गुठीमा प्रवेश गर्दा कस्तो समस्या पर्दछ र प्रवेश गरिसकेपछिको काम, कर्तव्य अधिकार के के हुन ?

ग) नीतिनियम पालना गर्ने गराउने क्रममा के कस्ता व्यवधान खडा हुन्छन् ?

घ) गुठियारकाबीचको सम्बन्ध के कस्तो छ ? आदि कुराको जानकारी प्राप्त गर्नका लागि आवश्यक भएकोले यसलाई अनुसन्धानको समस्या मानिएको छ ।

ङ) नेवार समुदायमा गुठीको महत्व किन छ ?

च) वर्तमान सिंगुठीको आकार र अवस्था कस्तो छ ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका सामान्य उद्देश्यहरू गुठीमा प्रवेश प्रक्रिया सदस्यता र सङ्गठनका वर्तमान अवस्थाबारे जानकारी गराउने रहेका छन् र विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :

क) गुठी व्यवस्थाले नेवार जनजीवनमा पारेको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावबारे अध्ययन गर्नु ।

ख) गुठीसङ्गठनमा गुठियारहरूबीचको सहकार्यात्मक भूमिका/महत्व काम कर्तव्यबारे जानकारी लिनु ।

## १.५ अध्ययनको महत्व

गुठीसङ्गठनमा गुठियारहरूबीचमा उत्तरदायित्व बहन गर्ने कार्यमा दिनप्रतिदिन फिकापन बढिरहेको छ । आधुनिक युवाजगत्ले पुर्खाहरूले गरे जस्तै गरी संवेदनशील भएर सङ्गठनिक क्रियाकलापलाई निरन्तरता दिने हुन् कि होइनन् भन्ने विषयमा प्रश्नचिन्ह खडा भएको छ । आधुनिक युवाजगत्को परिवर्तित व्यवहारले गुठीसङ्गठनलाई कतै गुठी सिद्धान्त र मर्मअनुरूप डोऱ्याउन नसक्ने त होइन ? भन्ने स्थिति देखापरेकाले यसबारेमा बेलैमा सजग गराउन यस अध्ययनले मद्दत गर्नेछ । हुन त समयले फड्को मार्दै जाँदा मानिस सधैँ यथास्थितिमा सीमित रहिरहनु ठीक होइन तापनि सङ्गठनले सामाजिक संरचनालाई जीवन्तता दिन्छ भने त्यसलाई निरन्तरता दिने कार्य पनि सकारात्मक कार्य भएकोले यसतर्फ उत्प्रेरित गर्ने सबैलाई महत्वका साथ लिनु आवश्यक मानिन्छ ।

यस गुठीसङगठनले समुदायमा गुठियारहरूका बीचमा एकता र सामीप्प कायम राख्दै सहकार्यको भावना र मानवीय ढंगले चल्न उत्प्रेरित गर्ने हुनाले आफ्नो समाजमा केहीगर्नु पर्छ र सामाजिक, सांस्कृतिक कार्यमा  सामाजिक भवन निमार्ण गर्नु परेमा एक इट्टा भएपनि थप्नुपर्छ भन्नेदायित्व बोध गराउने गुठी सम्बन्धी चासो राख्न सिकाउने गुठी प्रकृति नीतिनियममा ल्याउने र कार्य गर्ने यसको महत्वपुर्ण आधार हो । अन्यथा विशिष्ट संस्कृतिका धनी नेवारहरूको मौलिक संस्कृति विलय हुँदै जाने क्रममा काठमाडौं उपत्यकामा मात्र सीमित हुन पनि सक्छ । नेवारहरूको विशिष्ट संस्कृति अन्य जातिहरूको प्रभावले गर्दा दिनप्रतिदिन परिवर्तनको दिशामा उन्मुख छ जसका कारण भविष्यको निम्तिगुठियार अपरिहार्य छ । गुठियारहरूको व्यवहारमा विगत र वर्तमानमा भएको परिवर्तनका बारे यस अध्ययनबाट विशेष रूपमा थाहा पाउन सकिन्छ ।

यस अध्ययनले पोखराका विभिन्न भागमा अन्य जातिहरूसँग मिश्रित रूपमा बसोबास गर्ने नेवार जातिको अवस्थालाई समेत प्रतिनिधित्व गर्न सार्थक भूमिका खेलेको छ । यस अनुसन्धानले विशेष गरी विभिन्न अनुसन्धानकर्ता, समाजशास्त्री, मानवशास्त्री, योजनाविद्लगायत गुठीसम्बन्धी चासो राख्ने अन्य सबैलाई जानकारी दिन सहयोग पुऱ्याउने देखिन्छ । नेवार समुदायमा सञ्चालित गुठीहरू महत्वपूर्ण र समाजिक एकता कायम गर्नमा निकै उपयोगी हुँदाहुदै पनि आधुनिकता र बाह्य सांस्कृतिक प्रभावका साथै युवाजगत्मा आएको सामाजिक सांस्कृतिक परिवर्तनले गुठी व्यवस्थापनमा केही फिकापन ल्याउने हो कि भन्ने शङ्का जन्माएको गुठीको प्रकृति, नीतिनियमबारे भविष्यमा थाहा नहुन सक्छ । त्यसकारण पनि उक्त अध्ययन क्षेत्रका गुठीको अध्ययनले भविष्यका अनुसन्धानकर्तालाई वा अरु सबैलाई एउटा महत्वपूर्ण आधार प्रदान गर्न सक्छ ।

## १.६ अध्ययनको सीमा

अनुसन्धान वा अध्ययनको उद्देश्य र प्रकृति र समयको कारण निश्चित दायराभित्र राखि अध्ययन गर्नुपर्ने, सामाजिक घटना र सङ्गठनको अध्ययन निश्चित सामाजिक व्यवस्था वा परिवेशभित्र मात्र लागु हुनसक्दछ । त्यसैले अध्ययनको सार्थकतालाई यसका सीमाहरूले निक्यौल गर्दछ । प्रथमतः गण्डकी प्रदेशको कास्की जिल्ला पोखरा महानगरपलिका भित्रका निम्न वडा २,३, ९,१०, ११, १२ र २६ का नेवार समुदायका मानिसहरूबाट निर्मित मर्दापर्दा सहयोग गर्ने सिंगठीलाई यसको क्षेत्र बनाएको छ।उनीहरूको

सामाजिक सांस्कतिक र आर्थिक स्थिति पत्ता लागउने कार्य समेत गरिएकोछ । मुख्य वस्तीबाट २/२ जना वरिष्ठ तथा वयोवृद्ध र विद्धान सदस्यसँग भेटघाट तथा अन्तर्वार्ता लिइएको छ । साथै प्रश्नावली सूची तयार गरी आवश्यक सूचनाहरू प्रत्येक घरमूलीबाट लिइएको छ । यस्ता सूचना सङ्कलन गर्दा व्यक्तिगत स्वतन्त्रता र संवेदनशीलतालाई ख्याल राखिएको छ ।

## १.७ शोधपत्रको सङ्गठन

यस शोधपत्रलाई कुल छ अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोधपत्रको सामान्य परिचालनका साथै अध्ययनमा समस्या, उद्देश्य, सीमा र औचित्यको बारेमा उल्लेख गरिएको छ भने दोस्रो र तेस्रो अध्यायमा क्रमश सन्दर्भ साहित्यहरूको अध्ययन र अनुसन्धान पद्धतिको बारेमा उल्लेख गरिएको छ । शोधपत्रको चौथोदेखि पाँचौं अध्यायसम्म क्रमश गुठियारहरूको गुठीमा प्रवेश प्रक्रिया नेवारी समुदायमा गुठीको महत्व, उपयोगिता तथा योगदान अनि गुठीका समस्या तथा चुनौतीहरूलाई सारांश तथा निष्कर्षका रूपमा उल्लेख गरिएको छ । अध्ययनमा सङ्कलन गरिएको तथ्याङ्कहरूका तालिकीकरणपछि उद्देश्यअनुरूप विभिन विश्लेषण र पद्धति अवलम्बन गरी गुठीको नेवारी जनजीवनमा परेको प्रभाव, यसले पुऱ्याएको सामाजिक सांस्कृतिक योगदानबारे चर्चा गरिएको छ । साथै यसको नेवारी जनजीवनमा भएको अपरिहार्यतालाई पनि उल्लेख गरिएको छ ।

# अध्याय दुई

# पूर्वसाहित्यको समिक्षा

## २.१ संरचनात्मक प्रकार्यवाद अन्तर्गत अवधारणात्मक प्रारूप

प्रकार्यात्मक अपरिहार्यता र प्रकट अप्रकट कार्यहरूको मान्यताअनुरूप यसलाई अध्ययन गर्न सकिन्छ । नेवारी समूदायमा गुठीसङ्गठनमा प्रवेश गनुपर्ने अनि यसको निरन्तरका लागि सबै गुठीयारहरूले अनिवार्य रूपमा काम गनुपर्ने र प्रत्येक गुठीयारले सहकार्यात्मक भूमिका खेल्नु सामाजिक सुव्यवस्था कायम गर्नु एक महत्वपूर्ण उदाहरण हो ।

प्रत्यक्ष रूपमा देखिने गरी सामाजिक सुव्यवस्था कायम गर्ने कार्य गरेको छ भने त्यसलाई प्रकट कार्य भनिन्छ । जस्तै गुठी एउटा संस्था हो । यसले गुठीयारहरूलाई भेला गराई आर्थिक, सामाजिक आवश्यकता पूरा गराउँछ । प्रत्यक्ष देखिने गरी लाश उठाउने र घाटसम्म पुऱ्याइ दाहसंस्कारमा सहभागी हुने कार्य गर्दछ । त्यस्तै रातको समयमा मृतकको घरमा पालैपालो पहरा दिने र किरिया बस्ने मानिसहरूसँग खोला, पँधेरासम्म संगै गई आवश्यक सामान र सहयोग उपलब्ध गराउनु आदि प्रत्यक्ष देखिने प्रकट कार्यहरू हुन् भने नेवारहरू गुठीमा समावेश भएवापत् एकता कायम भएको महशूस हुनु, सांस्कृतिक सम्बन्ध बढ्नु मानवीय सहायताको आभासबाट गुठीयारहरू मानसिक सन्तुष्टि मिल्नु आदि अप्रत्यक्ष कार्यको उदाहरणका रूपमा लिन सकिन्छ ।यसलाई तल तालिकामा देखाएको छ ।

| संरचनात्मक प्रकार्यवादअन्तर्गत ढाँचा | | |
|---|---|---|
| संरचनात्मक प्रकार्यबाट | | |
| **प्रकार्यात्मक अपरिहार्यता** | **प्रकट कार्य** | **अप्रकट कार्य** |
| सामाजिक एकता | गुठीभित्र सदस्यता प्रदान गर्नु | मानवीय कार्यका विनिमय एकता |
| सहकार्य र मेलमिलाप | आर्थिक सहयोग प्रदान गर्नु | सांस्कृतिक सम्बन्ध बढ्नु |
| सकारात्मक सहभागिता | दाहसंस्कारमा प्रत्यक्ष सहभागी हुनु | संस्कारगत भावना वृद्धि हुनु |
| सुव्यवस्थित सङ्गठन | मृतकको घरमा आवश्यक सहयोग र सामान उपलब्ध गराउनु | मानसिक सन्तुष्टि मिल्नु |
| निरन्तर सामाजिक अस्तित्व | | |

उपर्युक्त तालिकाम देखाइएअनुसार संरचनात्मक प्रकार्यवादअन्तर्गत प्रकार्यात्मक अपरिहार्यताको मान्यताको अवधारणाको परिधिभित्र रही गुठीसङ्गठनलाई पनि अध्ययन गर्न सकिन्छ । गुठी एउटा सामाजिक संस्था हो । यसले नेवारी समाजमा आपसमा एकता कायम गरेको हुन्छ । अनिवार्य रूपमा एकात्मकभावनाको आधारमा गुठीमा सहभागी हुनुपर्ने हुनाले उनीहरूबीचमा सामाजिक मूल्य र मान्यताअनुरूप सङ्गठित हुनुपर्छ भन्ने सकारात्मक भावनाको वृद्धि हुन्छ । यसबाट सुसङ्गठित र व्यस्थित रूपमा गुठीसङ्गठनलाई निरन्तर रूपमा सञ्चालन गरिरहन मद्दत मिल्छ ।

त्यस्तै प्रकट अप्रकट कार्य हुन्छ भन्ने मान्यतामा आधारित रही अध्ययन गर्दा नेवारी जनजीवनमा गुठी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा काम गरिरहेको हुन्छ भन्ने कुरालाई देखउन सकिन्छ । प्रकट कार्यहरूमा गुठीमा गुठियारहरूको परिवारमा कसैको मृत्यु हँदा दाहसंस्कारमा प्रत्यक्ष सहभागी भई सहयोग गर्ने र उक्त घरमा किरिया कर्ममा सहभागी हुने व्यक्तिहरूलाई पँधेरा वा खोलामा गई आवश्यक सहयोग र सामानहरू उपलब्ध गराउनु आदि पर्दछन् ।

त्यस्तै गरी अप्रकट कार्यअन्तर्गत गुठियार सदस्यहरूबीचमा मानवीय सहायताको विनिमयद्वारा भावनात्मक एकता कायम गर्नु, उनीहरूको विभिन्न सांस्कृतिक क्रियाकलापद्वारा सांस्कृतिक सम्बन्धको वृद्धि हुनु संस्कारहरूको पालना गर्दै जाने काममा संस्कारगत भावनाको वृद्धि हुनु र गुठीको वार्षिक भेलामा समाहित भई भोजभतेर गर्दा अनि विभिन्न सरसहयोगबाट मानसिक सन्तुष्टि मिल्नु आदि पर्दछन् ।

साझा हितका कार्यहरू एकजना व्यक्ति वा सरकारले मात्र दृष्टि पुर्‍याउन सम्भव नभएकाले गुठीको माध्यमबाट गरिएको थियो भन्ने कुरा लिच्छवीकालमा उल्लेख छ । सामाजिक र ऐतिहासिक महत्वका गुठीहरू लिच्छवी कालदेखि नै प्रचलित थिए भन्ने कुरा कार्तिक शुक्ल द्वादशीको भेलामा हंसगृहको लोकपाल स्वामीको मन्दिर वरिपरि बाटो बढारी सफा गर्ने गरेको कुरा राजा नरेन्द्रदेवको अनन्त लिङ्गेश्वरको अभिलेखमा पनि उल्लेख छ (बज्राचार्य, २०३०) ।

## २.२ गुठीको परम्परा

नेपालमा गुठी परम्परा कसरी प्रचलनमा आयो भन्ने सम्बन्धमा समाजमा विभिन्न धारणाहरू विद्यमान रहेको पाइन्छ । कला, कौशल र संकृतिको दृष्टिले लिच्छवीकाललाई

स्वर्ण युग मानिन्छ । यिनै कलाकौशल र शैलीहरू मुख्यतःमन्दिरहरूको साथै गुम्बा, विहार, भवन, दरबार, पाटीपौवा, धारो, चौतारो, बाटोघाटो आदिमा देखिने हुदाँ समाजमा लोकोपकारी कार्यमा बढी ध्यान दिइन्थ्यो । धर्म र संस्कृतिको रक्षा र स्थायित्वको लागि कार्यहरू हुन्थे भन्ने थाहा हुन्छ जसका प्रमाणका लागि शिलालेख, अभिलेख, ताम्रपत्र, वंशावली, डायरी आदि राखिन्थे (बज्राचार्य २०३०) ।

मानिस जन्मनुको अर्थ मर्नु हो र जन्मेपछि केही न केही नाम कमाउने काम गर्नुपर्छ भन्ने धारणा नेपाली समाजमा हालसम्म पनि कायमै रहेको छ । समाजमा विभिन्न वर्गका मानिसहरू रहन्छन् । जसमा असहाय, दीनदुःखीहरू, साधु, सन्त यात्री, तीर्थयात्रीको खानपान, बसोबास, सेवासुविधा दिन समाज र देशलाई भोक, रोग, अशिक्षा महामारी युद्वबाट बचाउन पनि गुठी राख्ने गरेको पाइन्छ । दिवङ्गत आफन्तहरूको संझनामा उनीहरूलाई स्वर्ग र मोक्ष प्राप्तिका साथै आफ्नो परिवारको दीर्घायुको कामना गरी रोगबाट छुटकारा पाउन कीर्ति राख्न पनि गुठी राखेको पाइन्छ । निर्माण गरिएका धारा, पाटीपौवा,पुल, पुलेसा, मन्दिर आदिको संरक्षण सम्बर्द्धन र दैनिक सेवाका लागि गाँउबस्ती, ब्यक्ति, समुदाय, संघसंस्थालाई कार्यभार सुम्पी सञ्चालन गरिने चलन थियो (टण्डन, २०५३) ।

यसरी गुठी राख्ने परम्परा परलोक सुधार्न वा पुनर्जन्ममा सुख प्राप्त गर्न, फल पाउन प्रचलनमा आएको छ भन्न सकिन्छ । अर्थात् गुठीको उत्पत्ति भूमिका विभिन्न स्वरूपबाट भएको हो । वास्तवमा भन्ने हो भने गुठीको उत्पत्ति कृषि प्रणालीको परम्परागत व्यवस्थापन र सङ्गठनबाट भएको हो भूमिलाई कृषियोग्य र उर्वरा बनाई उव्जनी बढाउन बाँझो भूमि गुठी भूमिको रूपमा वितरण गरेको पाइन्छ । राजस्व वृद्धि गर्न पनि गुठीको उत्पत्ति भएको पाइन्छ । नेपाली समाजमा रहेको पुर्नजन्मप्रतिको विश्वसा आगामी पिँढीको लागि समाजमा वंशको छाप कायम राख्ने हेतुले पनि गुठीको अस्तित्व हालसम्म पनि कायम रहेको हो भन्न सकिन्छ । प्रायजसो सीँगुठी र अन्य गुठीहरू नेवार समुदायमा हालसम्म पनि प्रचलित छन् जसमा भूमि तथा सम्पत्ति हुँदैन । यो एकै खालको समुदायको सङ्गठनमा प्रचलित हुन्छ । आफ्ना खलकभित्रका व्यक्तिको मृत्यु भएमा सबैजना जम्मा नभएसम्म दाहसंस्कार नगरिने भएकाले अन्तिम कार्य गर्न पनि गुठी राखिने कुरा थाहा हुन्छ । यही सीँगुठकिो उत्पत्ति नेवार समुदायबाट भएको हुन सक्छ (पौड्याल २०३६) ।

मानिस मरिसकेपछि सीगुठीलाई खवर गर्दछन् । साना गुठीका सदस्यहरू जम्मा हुन्छन् । मृतकलाई अन्तयेष्टिका लागि बाँससहित अन्य सामग्रीहरूगुठी समितिको सिफारिसमा गुठीयारले व्यवस्था गर्दछन् । यस समयमा विवाहित छोरीको उपस्थिति आवश्यक पर्दछ( नेपाली, १९६५) ।

नेवारहरूको गुठी भएझैं अन्य जातिहरूमा पनि केही सङ्गठनहरू पाइन्छन् । जसअन्तर्गत थकालीहरूको ढिकुरी र मुखिया प्रथाले गर्दा थकालीहरूले आर्थिक सफलता पाए । उनीहरूमा यस प्रथाले आत्मविश्वास र आत्ममर्यादाको सिर्जना भयो (विष्ट २०३०) ।

थारूहरूको कुलदेवतामा काली भगवती मैंया र गोरैया हुन्छन् । गाउँका सामुहिक देवतामा बहरम र भाइहार हुन्छन् । सबै गाउँले मिलेर चैत्र र भदौमा सामूहिक तवरले पूजा गर्ने चलन हुन्छ (विष्ट, २०३०) ।

तामाङ जातिहरू मृत्युका वेला प्रत्येक गाउँघर र नातागोताले मृत्यु संस्कारमा आर्थिक तथा श्रमदान गर्दछन् जसलाई घेवा भन्दछन् । घेवाकार्यमा श्रम दिएवापत त्यसको मूल्य (पैसा) लिदैनन् । त्यसलाई गुहार भनिन्छ । घेवा कार्यमा सेवागर्न पाएवापत आफूलाई धर्मलाभ भएको सम्झन्छन्(तामाङ, २०५१) ।

गुरुङ्ग जातिको चाख लाग्दो संस्था हो रोदी । यो केही १०-११ जना प्रौढहरूको निरीक्षणअन्तर्गत भएको केटा र केटीहरूको क्लब हो । केटीहरूलाई केही अनुभवी प्रौढ महिला र केटाहरूलाई सहयोग गर्न रोदीघरमा केही अनुभवी पुरुषहरू स्वेच्छिक रूपमा उपस्थित हुन्छन् । जुन घरलाई रोदीघर भनिन्छ (विष्ट, २०००) ।

यसरी उपर्युक्त विभिन्न जातिहरमा पनि नेवारहरूको गुठी जस्तै अन्य नामका सहकार्यात्मक सांस्कृतिक र जातीय सङ्गठनहरू हुँदा रहेछन् भन्ने थाहा हुन्छ ।

नेवार समाजले जात मिल्नेसम्मको नारीसित कसैको चोरी, जारी आदि कुनै प्रकारको विवाह गरे पनि त्यसलाई मान्यता दिन्छ । जात नमिल्नेमा विवाह गरे त्यस्ता स्वास्नी मानिसलाई गुठीमा समाबेश गराईदैन र गुठीमा समाविष्ट हुन नदिनु नेवारी समाजको सबभन्दा ठूलो समाजिक वहिष्कार हो (शर्मा, २०५८)।

नेवार समुदायमा कसैको मृत्यु भएमा शव उठाउन गुठियार नै चाहिन्छ र गुठियार नभएका व्यक्तिबाट शव उठाउनु अशोभनीय मानिन्छ । कसैको मृत्यु हुँदा गुठीबाट ल्याइएको देवँ नामको वस्त्रले शवलाई ढाकेर शवयात्रा गराउनु पर्ने अनिवार्य नियमले पनि गुठीको

महत्वलाई स्वतः प्रमाणित गर्दछ । देवँ नामको वस्त्र शवलाई पूरै ढाक्न पुग्ने लम्बाइ र चौडाइको हुन्छ । यो गच्छेअनुसार रेशम वा साटनको हुन्छ । यसको रङ अपवादको रूपमा कतै रातो देखापरे पनि प्राय पहेंलो अर्थात पीताम्बर नै हुन्छ । यो वस्त्र शवयात्रा समाप्त भएपछि पुन गुठीले जिम्मा लिने गर्दछ । एउटै वस्त्रले सबै गुठियारको मृत्युमा काम लिन सकिने हुँदा यसको आर्थिक बोझ पनि पर्दैन । प्रबन्धकका रूपमा साना गुठी भए पनि दाहसंस्कार गर्ने काम सीं गुठीमै निहित हुन्छ । साना गुठी स्थायी संस्था हो र यसको सञ्चालन गुठियार परिवारक जेठो बाठो सदस्यबाट हुन्छ (शर्मा, २०५८) ।

नेपाल एसिया महादेशको हिमालय पर्वतमालको दक्षिणी भेकमा दुई ठूला राष्ट्र चीन र भारतबीच अवस्थित देश हो । नेपालको सामाजिक आर्थिक तथा राजनैतिक जीवनमा शताब्दीऔंदेखि भूमि र कृषिले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपालको कुल श्रमशक्तिको ७६.१ प्रतिशतले जीवननिर्वाह तथा रोजगारको स्रोतको रूपमा कृषि पेशालाई अवलम्बन गरेका छन् भने देशको कुल ग्राहस्थ उत्पादको ४० प्रतिशतभन्दा बढी अंश कृषिले ओगटेको पाइन्छ (आर्थिक सर्वेक्षण, २०६८) ।

वर्तमान समयमा पनि उद्योग, व्यापार र अन्य सेवाको विकास पर्याप्त मात्रामा हुन नसकेको को हुनाले भूमि र कृषिको महत्वपूर्ण स्थानलाई नेपाली सामाजिक, आर्थिक जीवनमा कसैले पनि नकार्न मिल्दैन ।

मानवीय आवश्यकता वस्तु नै मानवजीवन र अस्तित्वको आधार हुँदा यस्ता वस्तुको उत्पादन प्रक्रियामा मानिस, समाज र प्रकृतिबीच अन्तरक्रिया हुन्छ । यस्ता वस्तु उत्पादन गर्ने क्रममा मानिसले निश्चित साधन र विधि प्रयोग गर्नुका साथै मानिसहरूबीच निश्चित सम्बन्ध कायम हुन्छ । यिनै उत्पादका साधन र विधिमा परिवर्तनका साथै सामाजिक व्यवस्था पनि परिवर्तन हुँदै जान्छ । भौगोलिक दृष्टिले नेपाल वाह्य रूपमा भूपरिवेष्टित र आन्तरिक रूपमा पहाडवेष्टित छ । पूर्वपश्चिम करिब ८०० कि.मी. लम्बाइ र उत्तरदक्षिण करिब १६० कि.मी.चौडाइ भएको दक्षिणमा समथर तराई प्रदेश उत्तरी क्षेत्रमा महाभारत पर्व चुरे पहाडका साथै विश्वका सर्वोच्च शिखरहरू अवस्थित हिमाल पर्वतमाला रहेको विशाल सिँढी जस्तो श्रेणीबद्ध पहाडी मुलुक हो (रेग्मी, १९९९) ।

नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी छ । यहाँको भौगोलिक विविधताले गर्दा देशको हावापानीमा पनि विविधता पाइन्छ । उत्तरी भागमा ठण्डा प्रकारको हावापानी,

मध्यभागमा समशीतोष्ण हावापानी, दक्षिणी तराई क्षेत्रमा भूमध्यरेखीय उष्ण हावापानी पाइन्छ (ढकाल, २०५६) ।

नेपालको उत्तरदेखि दक्षिण समथर भू-भागतर्फ बग्ने तीन ठूला नदीहरू कोशी, गण्डकी र कर्णालीले देशलाई जलाधारका दृष्टिले पनि तीन भागमा बाँडेको पाइन्छ । यिनै ठूला नदीहरूका साथै हजारौं स-साना नदी, खोला र झरना आदिले देशमा उपलब्ध कृषियोग्य भूमिका सिंचाइ सुविधा पुऱ्याउनुका साथै नेपाललाई जलस्रोतको धनी देशको रूपमा विश्वमा चिनाएको छ ।

नेपाल धार्मिक, सांस्कृतिक, जातीय र भाषिक दृष्टिले विविधतायुक्त देश हो । यो देश परापूर्वकालदेखि विभिन्न जातजाति र संस्कृतिक मानिसहरूको सङ्गमस्थलका रूपमा रही आएको छ । मानवशास्त्रीहरूको भनाई अनुसार नेपालमा चार मानवजाति बसोबास गर्दछन् । ती हुन् ककेशस, मङ्गोल जाति तथा दुईको विविध मिश्रणसहितको जनसङ्ख्याको बाहुल्य रहेको छ । यसरी नेपाल समाज विविध जातजाति, धर्म, संस्कृति, रहनसहन, भेषभूषायुक्त भए पनि धार्मिक सहिष्णुताजस्तो विशेषताले गर्दा अनेकतामा एकता भएको समाज हो भन्न सकिन्छ । यहाँको समाज धार्मिक तथा सामाजिक सेवा भावनाले निर्देशित छ । कुनै पनि समाजको भूमि व्यवस्था यहाँ प्रचलित राजनैतिक दर्शन र भूसम्पत्ति सम्बन्धी नीतिका आधारमा विकसित हुन्छ । आर्थिक विकासका दृष्टिले प्रारम्भिक अवस्थामा नै रहेको समाजमा भूमि व्यवस्था र भूमि व्यवस्था सम्बन्धी नीति व्यक्तिले भूमि आवाद, प्रयोग र खेती गर्ने तरिकामाथि निर्भर गर्दछ । यस्तो अवस्थामा भू स्वामित्वको प्रकृति र मात्रा जीवन निर्वाहको आवश्यकता र व्यक्तिगत प्रयोगद्धारा निर्देशित हुन्छ । भूमिमा सम्पत्तिको अधिकार सरकारको सार्वभौमसत्ताको विकासपश्चात् भएको हो (रेग्मी, १९९९) ।

## २.३ नेपालमा गुठीका प्रकार वा किसिमहरू

गुठीको लामो इतिहासमा विभिन्न गुठीहरूको स्थापना भएको पाइन्छ । परापूर्वकालदेखि नै गुठीको प्रचलन रहेको देखिन्छ । गुठी व्यत्तिगत रूपमा वा राज्य वा राज्यद्वारा पनि राख्न सक्ने प्रावधान रहेको पाइन्छ । गुठीलाई त्यसको प्रकृति, स्वामित्व आदि विविध रूपबाट वर्गीकरण गर्न सकिन्छ । नेपालमा गुठीव्यवस्था लामो समयदेखि प्रचलनमा रहेको भए तापनि अमानत गुठी व्यवस्थाको प्रारम्भ हुनुभन्दा अगाडि लिच्छवी, मल्लकाल र प्रारम्भिक शाहकालमा गुठीका प्रकार देखिदैनन् (टण्डन, २०५३) ।

नेवार समुदायमा गुठीहरू धेरै किसिमका हुन्छन् । तीमध्ये मुख्य तीन प्रकारका गुठी हुन :

क) जातीयतामा आधारित गुठी

ख) पितृवंशमा आधारित

ग) क्षेत्र वा समुदायमा आधारित गुठी (नेपाली, १९६५) ।

**नेवारी जनजीवनमा देखापरेका प्रमुख गुठीहरू :**

**क) सानागुठी**

सानागुठी भन्नाले गुठियारहरूको घरमा कसैको मृत्यु भए गुठियारहरूलाई खवर गर्ने र शव उठाई घाट सम्म पुऱ्याउने कार्य गर्दछ ।

**ख) सींगुठी**

सींगुठीले मृत्युपश्चात् शवलाई दाहसंस्कार गराउने र किरिया पुत्रीलाई घरसम्म ल्याउने र १३ औँ दिनसम्मको सम्पूर्ण कार्य गर्दछन ।

**ग) देवालीगुठी**

देवालीगुठी भन्नाले धार्मिक प्रयोजन अर्थात मन्दिर र पुजापाठका लागि छुट्याएको नगद रकम र जग्गा आदि बुझिन्छ ।

**घ) राजगुठी**

राजगुठीको परिभाषा विभिन्न समयमा भिन्न भिन्न रहेको बुझिन्छ । गुठीहरू अमानत हुनु अघि राजगुठी भन्नाले राजाद्वारा राखिएको गुठी भन्ने बुझिन्थ्यो भने अमानत पछि दुनियाँले राखेको गुठी तर गुठीको नियतअनुसार कार्य नगरी धर्मलिएको स्थितिमा पुगेकाले अमानत गरी प्रत्यक्ष सरकारबाट चलाइएका गुठीहरू पनि राजगुठी भित्र समेटिए ।

गुठी संस्थान ऐन, २०२१ ले राजगुठी को परिभाषा दिंदा पनि तत्कालीन श्री ५ को सरकारको अधीन श्री ५ को सरकारबाट व्यवस्था भएको गुठीलाई राजगुठी मानेको थियो । गुठी संस्थान ऐन, २०३३ ले भने सो ऐन प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थात्मकको हक दायित्व भई गुठी सञ्चालन बन्दोबस्त र सञ्चालन गरिआएको गुठीलाई राजगुठी भनी परिभाषा गरिएको छ ।

## ङ) छुट गुठी

आयस्तरबाट गुठीको पूजा, पर्व, इत्यादि दानपत्र लिखित बमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसूर वा सलामी राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले ने शेष खाने गरी राखेको गुठी छुट गुठी हुन्छ । त्यस्तै गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनुभन्दा अगावै सरकारी गुठी लागतमा दर्ता भए वा दर्ता गराउनु पर्ने गरी त्यस्तो गुठी जग्गाको तत्कालीन श्री ५ को सरकारमा बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई राखेको गुठी पनि छुट गुठी हुन्छ । छुट गुठीहरू पनि गुठी संस्थानमा दर्ता भएपछि राजगुठी नै कायम हुन्छ ।

## च) दुनियाँ गुठी

दुनियाँ गुठीलाई निजी गुठी पनि भनिन्छ । निजी गुठी भन्नाले राजगुठी र छुट गुठीमा व्यक्तिहरूको निजीरूपमा आफ्नो साविकको स्वामित्वको जग्गाबाट प्राप्त हुने आयस्तरबाट निश्चित धार्मिक समाजिक वा सांस्कृतिक कार्य सञ्चालन गर्ने गरी छुट्याइएको हुन्छ । यस्तो स्थिति रैकर सरह नै हुन्छ । त्यस्तो जग्गाको स्वामित्व गुठी जनाई गुठियारहरूको नाममा दर्ता काम हुन्छ(बज्राचार्य, २०३०)।

यसरी गुठी संस्थान ऐनले गुठी राख्ने प्रावधानका आधारमा गुठीको किसिमहरू छुट्याएको छ भने धनवज्र बज्राचार्यले गुठीलाई धार्मिक र लैङ्गिक गरी २ भागमा विभाजन गरेका छन् । धार्मिक कुरा वा लोकको हितमा हुने काम चलाउन श्रद्धालु राजाले प्रजालाई चल अचल सम्पत्ति दान गर्दथे । त्यस्तै आर्थिक सहायताको भरमा गोष्ठीहरू चल्दथे । त्यसवेला गोष्ठीहरू मुख्य रूपमा २ किसिमका देखिएका छन् । यसरी हर्दा गुठी धार्मिक र लौकिक हुन् ।

## छ) धार्मिक गुठी

धार्मिक गुठी भन्नाले मठ मन्दिर पर्व, पूजा आदि कार्यहरू सञ्चालन गर्नका साथसाथै तिनीहरूलाई नियमितता र निरन्तरता दिन राखिएको गुठीलाई धार्मिक गुठी भनिन्छ । देव मन्दिरहरूमा धार्मिक कार्यहरू सञ्चालन गर्न र सोही कार्यहरू निरन्तर स्थायी रूपमा चलून् भन्ने भावना परम्परादेखि चलिआएको देखिन्छ । दियो बाल्ने, सरसफाइ, मर्मत जीर्णोद्धार, बाजा घण्ट बजाउने, धूप बाल्ने, निरन्तर पूजा आजा चलाउने, रेखदेख, सञ्चालन र नियमितताको लागि धार्मिक गुठी राख्ने गरेको पाइन्छ । नेपाली समाजको धर्मप्रतिको श्रद्धा

र आस्था नै धार्मिक गुठीको उपज हो । लिच्छवी राजा मानदेवका समयमा विं.सं. ५३५ मा एक व्यापारीले रत्नेश्वरको स्थापना गरी त्यसको पूजाआजाको लागि २५७० रोपनी भूमि गुठी राखेका थिए ।

नेपालको इतिहासमा यति धेरै परिमाणमा गुठी राखेको यो बाहेक अरु उदाहरण छैन ।

**ज) लौकिक गुठी**

लोकोपकारी कार्यहरू पानी, पँधेरो शिक्षा, स्वास्थ्य आदि कार्यहरू गर्न र तिनीहरूलाई निरन्तरता दिन स्थापित गुठीलाई लौकिक गुठी भनिन्छ । गुठीसम्बन्धी अनुसन्धान कर्ता गोविन्द टण्डनका भनाइअनुसार गुठीलाई निहित उद्देश्य र स्वभावका आधारमा गुठीको वर्गीकरण गरिएको हुन्छ ।

विद्यालय, अस्पताल, आरोग्यशाला, पानी नभएको ठाँउमा ढुङ्गेधारा, टुटुधारा, कुवा, पेउ, इनार बनाइदिने, व्यस्त बाटोघाटो तथा प्रसिद्ध मठ मन्दिरमा, पाटी धर्मशाला बनाइदिनु, लुला, लङ्गडा, तीर्थयात्री, साधुसन्तलाई दाल, चामल, नुन, तेल पकाएर र काँचै बाँड्न पनि लौकिक गुठी पनि राखिन्थ्यो । लौकिक कार्यहरू सञ्चालनार्थ राखिएको गुठीलाई लौकिक गुठी भनिन्छ । यो लौकिक गुठी संस्थागत रूपमा बढी चलेको पाइन्छ ।

**झ) मनोरञ्जन गुठी**

कुलपुजा, जात्रा, आदिमा भेटघाट गर्ने, भोजखाने, गुठी रकमी र गुठियारहरू संलग्न भई खेलकुस्ती आदि आयोजना गर्ने, मल्लयुद्ध, गोष्ठी आदि पनि मनोरञ्जन गुठी अन्तर्गत गरिन्थे । रणबहादुर शाहको पालामा मनोरञ्जनका लागि मलाया, जुझाया, भोटया नाम गरेका साँढेहरू पालेका थिए । श्री ५ रणबहादुर शाहले पशुपतिमा छोडिने साँढेहरूका चरनका लागि १ हजार रोपनी जग्गा गौचरण राखेको थिए जुनलाई हालमा त्रिभुवन विमानस्थल बनाइएको छ ।

**ञ) वर्गीय गुठी**

लिच्छवीकालमा वर्ण विशेषका छुट्टाछुट्टै गुठीहरू थिए । शिवदेवको लेलेको (वि.सं. ६६२) संवत् ५२६ को अभिलेखमा “ब्राह्मण गोष्ठी” “ब्राह्मणासामात्थ” गोष्ठीको उल्लेख

आएको छ । जाति विशेषका गुठीहरू अहिले पनि नेवार समुदायमा प्रशस्त छन् । विशेषतः मर्दापर्दा र देवताको पूजा आजाको बेला यी गुठीहरूले विशेष कार्य गरेको देखिन्छ ।

यस अतिरिक्त लिच्छवीकालमा काम विशेषलाई प्राथमिकता दिने र काम निरन्तर रूपमा चलाउन विभिन्न गुठीहरू राखिएका थिए । जसमध्ये पानीय गोष्ठी, प्रवहण गोष्ठी, प्रणाली गोष्ठी, मल्लयुद्ध गोष्ठी, अर्चागोष्ठी, वादीत्र गोष्ठी, प्रदीप गोष्ठी, धूप गोष्ठी, भगवत्वासुदेव ब्राह्मण गोष्ठी आदि प्रमुख गोष्ठीहरू थिए ।

जग्गाको आमोद कमोद वा हकभोगको आधारमा गुठी संस्थान ऐन, २०३३ ले गुठी जग्गालाई निम्न ४ प्रकारले विभाजन गरेको पाइन्छ :

### १. गुठी रैतान नम्बरी जग्गा

गुठी जग्गाको दर्तावालाले गुठी संस्थानलाई मालपोत बुझाउनु पर्ने जग्गालाई गुठी रैताने नम्बरी जग्गा भनिन्छ । जस्तै दफा २५ र ३२ सँग सम्बन्धित गुठी रैतान नम्बरी जग्गा ।

### २. गुठी नम्बरी जग्गा

गुठी संस्थाले जग्गावालाको हैसियतले श्री ५ को सरकारलाई मालपोत बुझाउनु पर्ने जग्गालाई गुठी नम्बरी जग्गा भनिन्छ ।

### ३. गुठी तैनाथी जग्गा

कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा गुठी तैनाथी जग्गा हुन्छ ।

### ४. गुठी अधीनस्थ जग्गा

गुठी जग्गाको दर्तावालाको गुठी संस्थानलाई जिन्सी बुझाई आएको जग्गा गुठी अधीनस्थ हुन्छ ।

## २.४ नेवारी जनजीवन र गुठीको उपयोगिता

नेवारहरूमध्ये केही कृषकलाई छाडेर शारीरिक परिश्रमको काम यिनीहरूबाट गरिदैंन । हिमालपारिको व्यापारमा यिनको ठूलो हात थियो । आज पनि उद्योगधन्दा आदि व्यवसाय र व्यापार वाणीज्यमा यिनीहरू नै अग्रस्थानमा देखिन्छन् । सरकारी कामकाजमा पनि यिनको

ठूलो हात छ । नेवारहरू रक्तको दृष्टिले बेग्लाबेग्लै समूहमा विभाजित देखिए तापनि भाषाको दृष्टिमा एउटा सूत्रमा आबद्ध भएको पाइन्छ र केही सामाजिक रीतिमा पनि समानता पाइन्छ। यिनीहरूको आपसमा अनेक विभाजन देखिए तापनि सबैलाई एउटै जस्तो देखाउने सामाजिक प्रथाहरू पनि पाइन्छन् । चाहे बौद्ध होस् , चाहे हिन्दू होस् सबैको आ-आफ्नो गुठी हुन्छ। गुठीले नै उनीहरूको आपसमा अनुशासन स्थापित गर्दछ। गुठीको प्रथा नेवारबाहेक अन्य समाजमा बिरलै पाइन्छ। गुठीबाट अलग राख्ने दृढता कुनै पनि नेवारले गर्न सक्दैन(शर्मा, २०५८)।

यसरी नेवारी जनजीवनलाई एकताको सूत्रमा एकताबद्ध गराउँदै संरचनात्मक प्रकृयाको आधारमा सामाजिक अस्तित्व कायम गर्ने काम गुठीले गरेको हुन्छ । गुठी नेवारहरूको सामाजिक तथा सांस्कृतिक पहिचान हो जुन अन्य जातीयहरूमा कमै पाइन्छ। नेवारी जनजीवनलाई एउटा निश्चित नियमको परिधिभित्र रहेर जीवनयापन गर्न, गुठी एक महत्वपूर्ण संस्कारको रूपमा स्थापित भएको छ ।जहाँ नेवार समुदाय छ, त्यहाँ अनिवार्य रूपमा गुठीको निर्माण हुन्छ । नेवारहरूको जीवनशैलीलाई आपसी सम्बन्धको आधारमा समन्वयात्मक ढंगले अगाडि बढाउनमा गुठीले महत्वपूर्ण भूमिका खेलेको दखिन्छ । जस्तो मर्दापर्दा आपसी सहयोग र सम्बन्ध कायम गर्न साना गुठी तथा सींगुठीले अग्रणी भूमिका खेलेको हुन्छ । गुठियारहरूलाई मृतकका घरमा सर सहयोगको लागि बोलाइएको वखत उपस्थित नभएमा दण्ड जरीवाना गरिने भएकाले हरतरहले सम्बन्धित घरमा गई सरसहयोग गर्दछन् । उनीहरूको मृत्यु भएको दिनदेखि तेह्रौं दिनसम्म नै निरन्तर पालैपालो उपस्थित भई सहयोग जुटाइरहेका हुन्छन्। किरियाकर्म गर्ने व्यक्तिलाई कसैबाट छुन नदिन र विहान पधेंरा वा खोला किनारा वरपर खानपान तथा अन्य कार्यसम्पादनमा उपस्थित हुनुपर्ने हुन्छ यदि घरमा लोग्नेमान्छे छैन भने पनि सो परिवारले मृतकको घरमा उपस्थित हुननसक्ने कारणले वार्षिक रूपमा केही थप रकम बुझाएको हुन्छ। यस्तो गुठी जुनसुकै रक्त सम्बन्ध भएका सबै नेवारहरूको हकमा सञ्चालित हुन्छ।

एउटै रक्त सम्बन्ध भएका तथा पुर्ख्यौली सम्बन्धलाई स्थापित गर्ने सबैमा पनि छुट्टै सङ्गठन हुन्छ, जुन देवाली गुठीमा पर्दछ । लिखित रूपमा अन्य सङ्गठित जस्तो गरी सञ्चालन नभए तापनि त्यो गुठी प्रत्येक नेवार समुदायमा अस्तित्वमा छ । एउटै पुर्खाका सन्तानहरू यदि टाढा टाढा गएर बसेको भए तापनि देवाली गुठीका अनिवार्य सदस्य हुन्छन् । यो गुठी खाली सांस्कृतिक हिसाबले महत्वपूर्ण भएजस्तो देखिन्छ । एउटै कुलका

सदस्यहरूको सङ्गठन भएकाले अन्य समुदायमा मिसिएर बसेका नेवारहरूले कुल पूजा भनेर पनि पाइन्छ ।

त्यस्तै विभिन्न जात्रा, पर्व पूजाहरूमा पनि नेवारहरूले सामूहिक एवं सङ्गठित रूप देखाएका हुन्छन । तर काठमाडौं उपत्यकामा जस्तो गरी पूर्णरूपमा नामकरण गरी सञ्चालन नगरे पनि भीमसेन स्थानमा राँगाको बलि दिएर भीमसेन पूजा गर्दा, गाईजात्रा, रोपाईजात्रा, इन्द्रजात्रा आदि पर्वहरूमा पनि स्वस्फूर्त रूपमा सामूहिक सहभागिता जनाएका हुन्छन् ।

यसरी गुठीले नेवारी जनजीवनलाई एकता, सहकार्य र सामूहिकता जस्ता कुराहरूमा प्रकार्यात्मक ढंगले अघि बढ्न र सांस्कृतिक सामाजिक सह अस्तित्व कायम गर्दै जातीय पहिचानलाई दिगो राख्न सहयोग पुऱ्याएको छ  भन्न सकिन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धान विधिलेमहत्वपूर्ण भूमिका खेलेको हुन्छ । अनुसन्धान मा उपयुक्त विधि अपनाई आफ्नो उद्देश्य उन्मुख हुन अति आवश्यक छ । अनुसन्धानको विश्वसनीयता र प्रभावकारिता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्षित उद्देश्य हासिल गर्न कति सार्थक रहन्छ भन्ने कुरामा भरपर्दछ । एउटा वैज्ञानिक अनुसन्धानका लागि खास किसिमको अनुसन्धान विधिको प्रयोगबाट वास्तविक तथ्यको चुरो पत्ता लगाउन सकिन्छ । सबै खालको अनुसन्धानमा एउटै प्रकारको विधि अपनाइँदैन । घटनाको प्रकृति हेरेर विधिको छनोट गरिन्छ । त्यही विधि अवलम्बन गरि घटना तथा समस्याको गहिराईसम्म पुगेर त्यसको सत्य तथ्य पत्ता लगाउन सकिन्छ किनकि अनुसन्धानबाट समस्यको सही कारण पत्ता लागेमा त्यसको समाधानमा सम्भाव्य विकल्पहरू खोजी गर्न सजिलो हुन्छ । त्यस्तै यस गुठीभित्र सम्पूर्ण गुठियारहरू प्रत्येक सीता विवाह पञ्चमीका दिन आफ्नै गुठी मन्दिरमा जम्मा भई गुठी पूजा गरी भोजभतेरमा सहभागी हुन्छन् त्यस क्रियाकलापलाई पनि अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र छनोटको औचित्य

नेवारी जनजीवनमा गुठियारहरूको महत्व/भुमिकाको शीर्षकमा शोधपत्रका लागि नेपालका ७ प्रदेश मध्ये गण्डकी प्रदेश, प्रदेश नं ४ लाई लिइएको छ । ७७ जिल्लामध्ये १ जिल्ला कास्की जिल्ला पोखरा महानगरपालिकाको वडा नं. २ मा १ घर, ३ मा १ घर, ८ मा १ घर, ९ मा २ घर, १० मा ६ घर, ११ मा ११, १२ मा १ घर र २६ मा १ घर गरी गुठीमाआबद्ध २४ घरधुरीलाई अध्ययन क्षेत्रका रूपमा लिएको छ ।

साधारण दैवी नमुना छनोट प्रक्रियाबाट प्रत्येक घरमुली वा गुठियारहरू यस अनुसन्धानको उत्तरदाताको रूपमा समावेश छन् । पुरुष घरमुली भए पुरुष र पुरुष घरमा नभए महिलाहरूलाई समेत उत्तरदाताको रूपमा लिइएको छ ।

गुठीसङ्गठनमा गुठियारहरूबीचमा उत्तरदायित्व बहन गर्ने कार्यमा दिन प्रतिदिन फिकापन बढिरेहको छ । आधुनिक युवाजगत्ले पुर्खाहरूले गरेजस्तै गरी संवेदनशील भएर साङ्गठनिक क्रियकलापलाई निरन्तरता दिने हुन् कि होइनन् भन्ने विषयमा प्रश्न चिन्ह खडा भएको छ । आधुनिक युवाजगत्को परिवर्तित व्यवहारले गुठीसङ्गठनलाई कतै गुठी सिद्धान्त र मर्मअनुरूप डोऱ्याउन नसक्ने त होइन? भन्ने स्थिति देखापरेकाले यसबारेमा बेलैमा सजग गराउन यस अध्ययनले मद्दत गर्नेछ । हुन त समयले फड्को मार्दै जाँदा मानिस सधैँ यथास्थितिमा सीमित रहिरहनु ठीक होइन तापनि सङ्गठनले सामाजिक संरचनालाई जीवन्तता दिन्छ भने त्यसलाई निरन्तरता दिने कार्य पनि सकारात्मक कार्य भएकाले यसतर्फ उत्प्रेरित गर्ने सबैलाई महत्वका साथ लिनु आवश्यक मानिन्छ । गुठीसङ्गठनले समुदायका गुठियारहरूबीचमा एकता र समीप्यता कायम राख्दै सहकार्यको भावनाअनुसार मानवीय ढंगले चल्न उत्प्रेरित गर्ने हुनाले आफ्नो समाजमा केही गर्नुपर्छ र सामाजिक सांस्कृतिक कार्यमा एक ईट्टा थप्नुपर्छ भनी दायित्वबोध गराउन पनि यस्ता अध्ययन अनुसन्धानको महत्व हुनजान्छ । अन्यथा विशिष्ट संस्कृतिका धनी नेवारहरूको मौलिक संस्कृति विलय हुँदै गई काठमाडौं उपत्यकामा मात्र सीमित हुन पनि सक्छ । नेवारहरूको विशिष्ट संस्कृति अन्य जातिहरूको प्रभावले गर्दा दिनप्रतिदिन परिवर्तनको दिशामा उन्मुख छ । यस अध्ययनले प्रचलित पद्धतिअनुसार गुठीसङ्गठनको अवस्था र महत्वलाई निसन्देह झल्काउँछ । जुन भविष्यको निम्ति अपरिहार्य छ । गुठियारहरूको व्यवहारमा विगत र वर्तमानमा भएको परिवर्तनलाई यस अध्ययनबाट थाहा पाउन सकिन्छ ।

यो अध्ययन क्षेत्र नेपालको गण्डकी प्रदेशको कास्की पोखरा महानगरपालिकामा पर्दछ । नेवारहरूको समुदायमा गुठीसङ्गठनले सामाजिक, सांस्कृतिक एकतामा प्रकार्यात्मक भूमिका खेल्दै आएको पाइन्छ ।हालका वर्तमान युवा पिँढीलाई आधुनिक र पश्चिमी संस्कृतिको प्रभावका कारण आफ्ना वंशका गुठीप्रति आत्मादेखि नै गहिरो चासो नभएको आभास पाइएकाले गुठीको मूल्य, मान्यता, योगदान र भविष्यको निम्ति अपरिहार्यता झल्काउनुपर्ने देखिन्छ । यस विषयमा यस ठाँउका समुदायको बारेमा कसैबाट पनि अध्ययन अनुसन्धान भएको पाइएको छैन । त्यसैले यस समुदायको गुठीसङ्गठनमार्फत् यस्तै खालका अन्य नेवार समुदायको गुठीको प्रकृति र सञ्चालन प्रकृया अनि महत्वलाई झल्काउन एउटा महत्वपूर्ण आधार प्रदान गर्ने हुनाले यसलाई अध्ययनको क्षेत्रका रूपमा छनोट गरिएको हो ।

## ३.३ समग्र अध्ययन विधि

पोखरामा श्री रमा भगवती सिं गुठीमा आवद्द घर परिवारको संख्या जम्मा २४ घर रहेको छ । उक्त २४ घरपरिवार सबैलाई समग्र अध्ययन विधिको आधारमा छनोट गरि अध्ययनमा समावेश गरिएको छ । ति २४ घरपरिवारका घरमुली तथा गुठीयारलाई अध्ययनको इकाइ मानी उनीहरूसँग अन्तरवार्ता अनुसुचीको माध्यमबाट आवश्यक पर्ने प्रथामिक तथ्याङ्क संकलन गरिएको छ । यसरी सङंकलित तथ्यहरू सुचनाहरू संख्यात्मक र गुणात्मक दुवै प्रकारका रहेकाछन् । त्यहाँका नेवारहरूको गुठीसङ्गठन र सामाजिक अवस्थालाई वर्णन गर्नुपर्ने भएकाले वर्णनात्मक विधि प्रयोग गरिएको छ भने उनीहरूको भौगोलिक अवस्था अनि गुठीसङ्गठन सञ्चालन प्रकिया तथा कियाकलापको अन्वेषण गर्नुपर्ने भएकाले अन्वेषणात्मक विधिसँगसंगै प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि

कुनै पनि शोधकार्यलाई सार्थक रूपमा सफल तुल्याउन उपयुक्त प्रविधिको आवश्यकता पर्ने हुनाले यस अनुसन्धान कार्यमा पनि अन्य समाजशास्त्री/मानवशास्त्रीहरूले प्रयोग गरेजस्तै तथ्याङ्क सङ्कलन विधिलाई प्रत्यक्ष तथा स्थलगत रूपमा प्रयोग गरिएकोछ । साथै गुठीका विगत र वर्तमान अवस्थामा सिर्जित धारणाहरू बुझ्न समूह छलफल विधि पनि गुठी समितिका पदाधिकारीहरूबीच प्रयोग गरिएको छ ।

### क) अवलोकन

यस शोधकार्यले नेवारी जनजीवनमा आधारित, गुठीसङ्गठन जसले उक्त समुदायको मानिसहरूका जातीय, सांस्कृतिक र सामाजिक क्रियाकलापलाई बुझ्न र जान्न सहयोग पुऱ्याएको छ । मुख्यत सीँगुठीका गुठियारहरूको कुनै गुठियारको मृत्यु हुँदा गरिने काम र गुठीको बेलामा गरिने पाठपुजा अन्य क्रियाकलापलाई अध्ययन गरिएको छ ।

### ख) अर्न्तवार्ता तथा प्रश्नावली

गुठीको बारेमा बुझ्न त्यसमा आबद्ध हुँदाको अनुभव, फाइदा, बेफाइदा थाहा पाउन मुख्य सूचनाका रूपमा गुठी समिति र पाले भई काम गरेकाबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अनुसन्धानका लागि आवश्यक तथ्य प्राप्त गर्न २४ घरधुरीहरूसँग सम्बन्धित रही अन्तर्वार्ता तथा प्रश्नावली विधि प्रयोग गरिएको छ । त्यसमा संरचित बन्द मिश्रित प्रश्नावलीलाई अवलम्बन, स्वतन्त्र र निष्पक्ष तथ्याङ्क प्राप्त भएको विश्वास गरिएको छ ।

**ग)	मुख्य जानकार व्यक्तिसँगको छलफल**

यस गुठीका दुई मुख्य जानकार भूपु नायो र वर्तमान नायो साथै गुठी समितिका सदस्यहरूलाई समूहगत रूपमा छलफल गरी गुठीको आकार, प्रकार र फाइदा बेफाइदा, उपयोगिता र निरन्तरताबारे तथ्य सङ्कलन गरिएको छ ।

**घ)	द्वितीय तथ्याङ्कसंकलन विधि**

गुठीका गुठियारहरूको नामावली, रजिष्टर र विभिन्न नियमहरूको लिखित विवरण, किताब र आर्थिक हिसाब किताबका खाताहरू द्वितीय तथ्याङ्कका मूल स्रोत हुन् जसलाई गुठीको नायो समरबहादुर श्रेष्ठ र भूपू नायो शिवलाल तभ्या काजीबाट स्थलगत शितलादेवी र रामबाजार बाट निजि बासस्थानमा गई तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५	तथ्याङ्कको प्रस्तुतिकरण एवं विश्लेषण

यस अध्ययनको अनुसन्धानमा वास्तविक तथ्याङ्क प्राप्त गर्नगुणात्मक र सङ्ख्यात्मक माध्यम प्रयोग गदै बासिन्दाहरूसँग गहिरो सम्बन्ध र विश्वास वातावरण कायम गरी तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन निम्न प्रकारबाट गरिएको छ ।

क) प्राथमिक स्रोत

ख) द्वितीय स्रोत

**क) प्राथमिक स्रोत** :प्राथमिक तथ्याङ्क बढी बैज्ञानिक र विश्वसनीय हुने हुँदा अनुसन्धानका लागि महत्वपूर्ण स्थान रहेको छ । त्यसैले यस विधिलाई जोड दिएको हो ।

**ख) द्वितीय स्रोत** : द्वितीय तथ्याङ्क अनुसन्धानलाई स्पष्ट पार्ने हुनाले समाजशास्त्रीय लेख, रचनका साथै अन्य प्रकाशित/अप्रकाशित पुस्तकहरूको सहायता लिइएको छ ।

## ३.६	तथ्याङ्कको प्रकृति

यस अनुसन्धानमा गुणात्मक र सङ्ख्यात्मक दुवैखाले तथ्याङ्कको प्रयोग गरिएको छ । गुणात्मक तथ्याङ्क ती समुदायका मानिसको व्यवहार, गुठीको अवस्था, गुठियारको सङ्गठनप्रतिको चेतना संस्कारगत क्रियाकलापहरू लैङ्गिक भूमिका आदिलाई जनाउँछ भने सङ्ख्यात्मक तथ्याङ्कले समुदायमा मानिसको उमेर, शिक्षा, लिङ्ग आदिलाई जनाउँछ ।सङ्ख्यात्मक तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतमा देखाइएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण

अनुसन्धानबाट प्राप्त प्राथमिक तथा द्वितीय स्रोतका सङ्कलित तथ्याङ्क गुणात्मक र सङ्ख्यात्मक रूपमा विश्वसनीय हुने भएका हुँदा विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिका, सङ्ख्या र प्रतिशतमा देखाइएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय तथा जनसाङ्ख्यिक विशेषता

## ४.१ अध्ययन क्षेत्रको परिचय तथा भौगोलिक अवस्था

नेपालको गण्डकी प्रदेश अन्तर्गत पर्ने कास्की जिल्ला ७७ जिल्लाहरू मध्ये एक हो । राजधानी काठमाडौंबाट २०० कि.मि. पश्चिममा पर्ने पोखरा, काठमाडौं र विराटनगरपछिको ठूलो शहर हो । पोखरा पर्यटकको प्रचुर सम्भावना बोकेको पर्यटकीय शहर हो । पोखरा पदयात्राको प्रवेशद्वारको रूपमा समेत प्रख्यात छ । पोखराबाट देखिने अन्नपूर्ण तथा धौलागिरि हिमश्रृङ्खला हेर्नका लागि अन्तिरिक तथा बाह्य पर्यटकको यहाँ घुइचो लाग्ने गर्दछ । प्रशासनिक कार्य सञ्चालन गर्नका लागि पोखरा महानगरपालिकाले पोखरालाई ३३ वडामा बाँडेको छ । ३३ वटा वडा मा विभिन्न जातजाति जस्तै नेवार, बाहुन, गुरुङ, सार्की , कामी, दमाई आदि बसोबास गर्दछन । यस क्षेत्रमा जनजातिको बाहुल्यता पाइन्छ । यस क्षेत्रमा उपचारका लागि बैध खाना र मनोरञ्जनका सिनेमा हल र स्वीमिङ पुल रहेको छ जुन आम मानिसमा नामी छ ।

### ४.१.१ अध्ययन क्षेत्रका उत्तरदाताहरूको संरचना

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिकाको वडा नं. २ मा १ घर, ३ मा १ घर, ८ मा १ घर, ९ मा २ घर, १० मा ६ घर, ११ मा ११, १२ मा १ घर र २६ मा १ घर गरी गुठीमा आवद्ध २४ जना उत्तरदाताहरूको छनोट गरिएको छ ।

**तालिका ४.१ : उत्तरदाताहरूको लैङ्गिक संरचनाको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ६ | २५ |
| पुरुष | १८ | ७५ |
| कुल | २४ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

माथिको तालिकामा देखाएअनुसार कुल २४ जना उत्तरदाताहरूमध्ये नमुना छनोटका आधारमा ६ जना महिला र १८ जना पुरुषहरूबाट प्रत्यक्ष अन्तर्वार्ता र प्रश्नावालीहरूको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ४.१.२ उत्तरदाताहरूको पेशागत संरचना

परम्परागत हिसाबबाट हेर्दा नेवार समुदायको पुर्ख्यौली पेशा व्यापार भए तापनि भौगोलिक अवस्थिति, परिवारको आर्थिक अवस्था, शैक्षिक स्थिति आदिका कारणले यस क्षेत्रका मानिसहरूको पेशागत समानता देखिँदैन ।शहरी परिवेशमा अवस्थित यस क्षेत्रमा बस्ने अधिकांश नेवार समुदायहरू प्राथमिक व्यवसायहरूव्यापार आदिमा संलग्न भएको पाइन्छ । यसको अलवा केही व्यक्तिहरूसमाजसेवीमा संलग्न भएको पाइन्छ भने कतिपय व्यक्तिहरू नोकरीको सिलसिलामा विभिन्न सहकारी तथा निजी क्षेत्रका संघ, संस्था, सङ्गठनमा आबद्ध भएको पाइन्छ । त्यसै गरी केही व्यक्ति भु.पु. सैनिक भएको र कोही विदेशतिर गएको तथा गृहिणीहरू पनि भएको पाइयो । अध्ययन क्षेत्रको पेशागत अवस्थालाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२: उत्तरदाताहरूको पेशागत संरचनाको विवरण**

| पेशा विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| व्यापार | १३ | ५४.१७ | |
| समाजसेवी | २ | ८.३३ | |
| नोकरी | ४ | १६.६७ | |
| वैदशिक रोजगारी र अन्य | ५ | २०.८३ | |
| जम्मा | २४ | १०० | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

माथिको तालिकाअनुसार यस अध्ययन क्षेत्रका अधिकांश मानिसहरू१३ जना व्यापारमा संलग्न भएको देखिन्छ । यसबाहेक समाजसेवीमा २ जना,नोकरी र वैदेशिक रोजगारी र अन्यमा क्रमश:४ र ५ संलग्न भएको पाइयो ।

### ४.१.३ अध्ययन क्षेत्रको पारिवारिक संरचना

नेपाल समुदायमा विशेष गरी एकल र संयुक्त परिवारको संरचना प्रचलनमा छन् । परिवारमा दाजुभाइ, देवरानी, जेठानी, सासू, ससुरा सबै सदस्यहरू एकै घरमा मिलेर बसेको

परिवार छ भने त्यसलाई संयुक्त परिवार भनिन्छ। अध्ययन क्षेत्रको स्थलगत भ्रमणबाट प्राप्त विवरणअनुसार कुल २४ जना उत्तरदाताको परिवारहरूमध्ये २ जना एकल परिवार र २२ जनाको संयुक्त परिवार रहेको पाइयो। यसलाई तलको तालिकाबाट देखाइएको छ।

**तालिका ४.३: अध्ययन क्षेत्रको पारिवारिका संरचनाको विवरण**

| पारिवारको किसिम | परिवारको संरचना | प्रतिशत | कैफियत |
|---|---|---|---|
| एकल | २ | ८.३३ | |
| संयुक्त | २२ | ९१.६७ | |
| जम्मा | २४ | १०० | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

माथिको तालिकाअनुसार यस अध्ययन क्षेत्रका पारिवारको किसिममा २२ जना संयुक्त र २ जना एकल परिवारमा भएको देखिन्छ।

## ४.२ नेवारहरूका गुठी

श्री रमा भगवती सिं गुठी पोखराको सबैभन्दा पुरानो गुठी हो। यो २०२३ सालमा स्थापना भएको हो। यो पहिला तेर्सा पट्टिका राजभण्डारी कतिलासँग शुरु भएको गुठी हो तर पछि छुटेर रानीपौवामा बसोबास गर्ने क्रममा तभ्या, उज्जर, राजभण्डारी श्रेष्ठ आदि मिली गुठीको स्थापना भयो केही नेवारहरू पुरानै गुठीमा आवद्ध हुनु भयो किनभने एउटै गुठीमा धेरै जना भएकोले कुनै पनि कार्य गर्दा गाह्रो हुनुको साथै व्यापारको कारणले यो गुठी विभाजन भएको हो। यो दुवै गुठी एउटै प्रकारको हो जुन सिं गुठी अन्तर्गत नै पर्दछ। र नीतिनियमहरू पनि लगभग एउटै छन्।

## ४.३ पोखरामा सञ्चालित श्री रमाभगवी सीँ गुठी

यो गुठी पोखराको सबै भन्दा पुरानो गुठी हो यस गुठीमा आउने नेवारहरू माथि उल्लेखित पुरानो गुठीमा नै संलग्न थिए । यो गुठी छुट्टिने क्रममा सीमित मात्रमा गुठीयारहरूको रूपमा स्थापित भएको छ । अन्य गुठीको तुलनामा यसमा प्रवेश गर्दा बाबुबाट स्वत प्राप्त हुने हुँदा अन्यलाई प्रवेश गर्न कठिनाई छ। तर पनि गुठीको कोषमा भएको रकम तिरी यसमा प्रवेशको पनि व्यवस्था गरिएको छ।

यस गुठीमा संलग्न गुठियारहरू प्राय आर्थिक रूपले सवल र शिक्षित पनि भएकोले अन्य गुठीको तुलनामा यो गुठी सक्रिय पनि देखिन्छ । यो गुठी यस समुदायमा मर्दापर्दा सहयोग गर्ने र सामाजिक क्रियकलापमा पनि संलग्न छ । त्यसैले यसलाई आधार मानेर अध्ययन अनुसन्धान गरिएको छ ।

स्थलगत अध्यययनबाट प्राप्त आँकडाअनुसार नेवारहरू सबै गुठीमा आबद्ध भएको पाइन्छ । यस गुठीले मर्दापर्दा अत्यन्त सकारात्मक रूपमा सहयोग गरेको र गुठीविना उनीहरूको जीवनपद्दति नै नचल्ने कुरा बताउँछन् । त्यसैले गुठी नेवारहरूको सङ्गठन हो भन्नेहरू २४ मध्य २१ जनामा ८७.५% ले आफ्नो विचार व्यक्त गरिएको पाइन्छ गुठीमा प्रवेश गर्दा किसिलि चढाई निशुल्क भन्नेहरू१९ जना ७९.१७% रहेका छन् । नेवारहरूको सबै घरपरिवारमा घरमुलीले प्रतिनिधित्व गर्दछन् । ऋण सापटी लिन र ऋण लिइएको रकम तिर्न गुठीको वार्षिक भेलामा प्रत्येक वर्ष सीता विवाह पञ्चमीको दिन हुने हुदाँ सबै गुठियारहरू त्यही दिन उपस्थित हुनपर्दछ ।

## ४.४ नेवार समुदायमा गुठीका फाइदाहरू

नेवार समुदायद्धारा सञ्चालित गुठी एक परम्परागत सामाजिक, सामुदायिक सङ्गठन हो । विशेष गरी आफ्नो समुदायका सदस्यहरूलाई सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्र आदिमा सहयोग पुऱ्याउदै नेवार संस्कृतिलाई कालान्तरसम्म जगेर्ना गर्न स्थापना गरिएको नेवार गुठीहरूले समाजमा धेरै फाइदाहरू पुऱ्याएका छन् । यी फाइदाहरूलाई तल चर्चा गरिन्छ ।

### ४.४.१ गुठीका सामाजिक फाइदाहरू

सामाजिक सङ्गठनका रूपमा रहेको नेवार समुदायको गुठीले नेवार समुदायका सदस्यहरूलाई सामाजिक एकता सहयोग र सद्भावको वातावरण सृजना गरेको छ । यहाँ सञ्चालित गुठीले सामाजिक क्षेत्रमा निम्न योगदान पुऱ्याएको छ :

- विद्यालय, बाटोघाटो, धारा आदि निर्माण गर्ने,
- समुदायमा सहयोगीको भूमिका खेल्ने ,
- सामाजिक सम्पत्तिको सुरक्षा खेल्ने,
- सदस्य वा गुठियारहरूलाई सामाजिक कार्यतर्फ प्रेरित गर्ने आदि ।

### ४.४.२ गुठीका आर्थिक फाइदाहरू

आर्थिक क्षेत्रलाई सुदृढ बनाउँदै आर्थिक गतिविधिहरूप्रति सदस्यहरूलाई सक्रिय बनाउन गुठीले आफ्नै आर्थिक कोषको व्यवस्था गरेको छ । यस कोषमा जम्मा हुने रकम गुठी समितिका विभिन्न क्षेत्रका सदस्यहरूबाट सङ्कलन गरिन्छ । सो कोषको संरक्षण र परिचालन गुठी समितिले गर्दछ । यस कोषबाट सदस्यहरूलाई ऋण प्रवाह गर्ने, मर्दापर्दा आर्थिक सहयोग गर्ने र कतिपय अवस्थामा सामाजिक कार्यहरूमा समेत परिचालन गर्ने गरिन्छ । गरीब, निमुखा परिवारहरूलाई दिइएको ऋण उनीहरूको अवस्था हेरी व्याज मिनाहा गर्ने र कहिलेकाहीँ ऋणसमेत मिनाहा गर्ने गरेको पाइन्छ ।

समितिको आफ्नै कोषको स्थापना भएकोले यसमा आवद्ध सबै सदस्यहरूले खुल्ला रूपमा वार्षिक भेलाबाट माग निवेदनका आधारमा ऋण  पाउने व्यवस्था छ । उक्त रकम १ वर्षसम्म प्रयोग गर्न सकिने र १ वर्षपछि समितिले तोकेको ब्याजसहित फिर्ता गर्नुपर्ने हुन्छ । यस किसिमको व्यवस्थाले यस समुदायका सदस्यहरूको आर्थिक समस्या समाधान गर्नुका साथै विभिन्न क्षेत्रमा व्यक्तिगत लगानीको वातावरणसमेत सृजना भएको छ । जसबाट उनीहरूको पारिवारिक आर्थिक उन्नति हुनुका साथै स्थानीय स्रोतहरूको परिचालन गर्नसमेत सहयोग पुगेको पाइन्छ ।

### ४.४.३ नेवार गुठीबाट भएका सांस्कृतिक फाइदाहरू

नेवार समुदायमा भएको यस गुठीका कारण विभिन्न खालका नेवारी संस्कृतिको जगेर्ना गर्न भरपूर सहयोग पुगेको छ । विभिन्न सांस्कृतिक कार्यक्रम जस्तै, गाईजात्रा, रोपाइँजात्रा इन्द्रजात्रा, तीजमेला, लाखेजात्रा आदि कार्यमा पनि यसले महत्तवपूर्ण भुमिका खेलेको पाइन्छ । त्यस्तै गरी यसले संस्कृतिसँग सम्बन्धित विभिन्न चालचलन रीतिरिवाजलाई निरन्तरता दिन पनि सहयोग पुऱ्याएको छ । गुठियारहरू भेला हुँदा विभिन्न सांस्कृतिक क्रियाकलापबारे छलफल गर्न आवश्यक पर्ने हुनाले आफ्नो धर्म संस्कृतिको संरक्षण र निरन्तरताका  बारेमा योगदान पुगेको छ भन्न सकिन्छ ।

## ४.५ नेवार समुदायमा गुठीका बेफाइदाहरू

सामाजिक सद्भाव विकास गरी नेवार समुदायको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरूको विकास गर्ने उद्देश्यले स्थापना गरिएकोश्री रमा भगवती सिं गुठीले

विभिन्न क्षेत्रमा फाइदा पुऱ्याएको छ । गुठी समितिले कुनै सदस्यको मृत्यु भएमा उर्दीजारी गरी अनिवार्य उपस्थितिको व्यवस्था गर्नाले काममा व्यस्त क्षेत्रबाट बाहिर रहेको वेलामा दण्ड जरिवाना गरिन्छ । त्यस्तै कुनै नयाँ सदस्य गुठीमा प्रवेश गरयो भने पनि गुठीमा भएको रकमको दामासाही हिसाबले तिर्नुपर्ने हुनाले वाहिरी नयाँ सदस्यलाई आर्थिक बोझ वढ्न गएको पाइन्छ । त्यस्तै यदि पुजाको बेलामा पुजा सामाग्री अपुग वा अधुरो पुजा ल्याएमा पनि दण्ड जरिवाना भनि वम तिराउने र महिलाले गुठीको दिनमा लगाउने पोशाकमा अनिवार्य ढाकाको पछ्यौंरी ओडनु पर्ने अन्यथा दण्ड (वम) तिर्नुपर्ने र पुरुषहरूले ढाकाको टोपी लगाउनुपर्ने अन्यथा दण्ड (वम) तिर्नु पर्ने हुन्छ र पुजा गर्न समयमा नै नपुगेमा पनि दण्ड जरिवानाको व्यवस्थाका कारण केही न केही छुट हुने हुनाले गुठियारहरूले दण्ड स्वरूप केही आर्थिक रकम दिनु पर्ने हुन्छ । त्यस्तै ऋण प्रवाह गर्दा पनि पहिला पालो आएकोलाई नसोधि अरुलाई दिन नमिल्ने कारण ऋण चाहिने व्यक्तिले नपाउने वा चाहिनेले भने जति पनि ऋण प्राप्त गर्न नसक्ने भन्ने सुनिन्छ । गुठीद्वारा आयाजनो गरिने वार्षिक भेलाका अवसरमा भोज भतेर गरिने र यस बेलामा मदिरा पान समेतको व्यवस्था हुनाले मदिराको निहुँ पारी अरुलाई गाली गर्ने, व्यक्तिगत अपेक्षा लगाउने र होहल्ला गर्ने,पुरुषहरू मदिरा पियर बस्दा महिलालाई काममा बढी अग्रसर हुनु पर्ने र आफ्नो स-साना बच्चालाई ध्यान पुराउन नसक्दा बच्चाहरू लड्ने चोटपटक लाउने आदि हुन गएको समेत पाइन्छ । हरेक सिक्काका दुई पाटा हुन्छन् भने जस्तै गुठी व्यवस्थाका पनि आफ्नै खाले फाइदा र बेफाइदाहरू छन् तर समग्रमा केलाएर हेर्दा यसका बेफाइदाहरू भन्दा फाइदाहरू नै बढी भएको पाइन्छ ।

## ४.६ नेवार समुदायमा गुठीसङ्गगठनको महत्व तथा भूमिका

### ४.६.१ श्री रमा भगवती सीं गुठीहरूको सामजिक प्रभाव

नेवार समुदायको सांङगठनिक संरचना गुठीसङ्गठनले समुदायको भलाइका लागि विभिन्न सामाजिक कार्यहरूमा अग्रसरता देखाएको पाइन्छ । उदाहरणका रूपमा आर्थिक सहयोग, बाटोघाटो निर्माण सामाजिक कार्यमा ऋण परिचालन जस्ता उल्लेखनीय कार्यहरू सञ्चालन गरेको छ । यस्ता कार्यहरूबाट उक्त क्षेत्रमा निम्न प्रभावहरू परेको पाइन्छ :

- सामाजिक कार्यहरूमा जनसहभागिता वृद्धि,
- सामाजिक, सांस्कृतिक पद्धतिलाई व्यवस्थित बनाउनमा सहयोग,

- सामाजिक सेवाहरूमा विस्तार हुने,
- विकासका पूर्वाधारहरूको निरन्तरता,
- जनतालाई सामाजिक सुरक्षाको प्रत्याभूति,
- आपसी समझदारी र सहकार्यात्मक वातावरणको सिर्जना,
- नेवारी जनसमुदायमा आधारित विभिन्न रीतिरिवाज, संस्कृति र संस्कारको निरन्तरतामा सहयोग,
- नेवार जातिहरूको बीचमा एकता कायम गर्नमा सहयोग ।

### ४.६.२ श्री रमा भगवती सि गुठीको आर्थिक महत्व र भूमिका

आफ्नो आर्थिक कोषको स्थापना गरेर विभिन्न आर्थिक गतिविधिहरूलाई सक्रिय बनाउँदै लगेको श्री रमा भगवती सिं गुठीबाट यस क्षेत्रमा विभिन्न आर्थिक विकास र प्रगति भएको देखिन्छ । सबै सदस्यहरूलाई समान आर्थिक अवसर प्रदान गरी आर्थिक गतिविधिहरूलाई सक्रिय बनाउनमा समेत यस गुठीले सहयोग पुऱ्याएको छ । कोषमा सङ्कलित रकमलाई ऋण स्वरूप सबै सदस्यहरूलाई वितरण गर्ने व्यवस्था रहेकाले यसबाट सदस्यहरू लाभान्वित भएका पाइन्छन् । उनीहरूको लागि आफ्नो आवश्यकता परिपूर्ति र कुनै क्षेत्रमा लगानीसमेत उपयुक्त वातावरणको सृजना भएको पाइन्छ । यसले गर्दा समुदायका सदस्यहरूको आर्थिक सुधारमा समेत सहयोग पुगेको कुरा गुठियारहरू बताउँछन् । यति मात्र नभई आफ्नो सदस्यहरूलाई आवश्यक हेरी कोषबाट रकम निकाली नपुग भएमा प्रत्येक सदस्यहरूले सकेको सहयोग गर्ने गरेको पनि अध्यक्ष सम्मर बहादुर श्रेष्ठको भनाई छ । उहाँका भनाई अनुसार एक गुठियार सदस्यको आमा वित्दा उनलाई दाह संस्कार गर्न उनको आर्थिक हैसियत कमजोर भएकोले केही रकम गुठीको कोषबाट र अरु सबै जना बाट रकम साथै लाग्ने सामाग्रीहरूको पनि सहयोग गरी उनको किरिया सम्पन्न गरि १३ औं दिन सम्म सबै  चाहिने सहयोग गरेको भनाई छ ।

### ४.६.३ श्री रमा भगवती सी गुठीको सांस्कृतिक महत्व र भूमिका

नेवारहरू संस्कृतिका धनी जाति मानिन्छन् । उनीहरूले आफ्नो समुदायमा अन्य समुदायको भन्दा छुट्टै खालको सांस्कृतिक तथा रीतिरिवाजका कार्यहरू सम्पादन गर्दै आएको पाइन्छ । संस्कृतिहरूलाई निरन्तर रूपमा चलाउँदै नजाने हो भने बिस्तारै हराउँदै जाने

सम्भावना हुन्छ । त्यसैले नेवार समुदायमा सञ्चालित यस गुठीले उनीहरूको संस्कार, रीतिरिवाज र संस्कृतिलाई जोगाउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसले गुठीको उद्देश्यअनुसारको विभिन्न धार्मिक, सामाजिक र सांस्कृतिक कार्यहरूमा निरन्तरता दिन ठूलो सहयोग पुऱ्याएको छ । गुठीमा वार्षिक भोजभतेरको आयोजना गर्ने अनि मन्दिर परिसरमा भेला हुने र पालेहरूले विभिन्न खालका मिष्ठान्न खानेकुरा (परिकार) बनाएर लैजाने परम्परा छ । यसलाई हालको समयमा पनि निरन्तरता दिइएको छ । त्यस्तै ज्येष्ठ सदस्यलाई सम्मान स्वरूप पुजारी हुन पाउने व्यवस्थालाई पनि निरन्तरता दिइएको छ । यस गुठीका सन्तानलाई पढाइ र अन्य कार्यमा प्रोत्साहन गर्न विभिन्न पुरस्कारको पनि व्यवस्था गरिएको छ । विभिन्न चाडपर्व जात्रा, मेला आदिमा पनि गुठीले महत्वपूर्ण योगदान पुऱ्याएको पाइएको छ । यसले नेवारहरूको धार्मिक क्रियाकलापलाई र मृत्युको वेलामा संस्कारगत कार्यलाई पनि व्यवस्थित बनाउन निकै ठूलो भूमिका खेलेको छ ।

### ४.६.४ नेवारी जनजीवनमा गुठीको सामाजिक, धार्मिक र सांस्कृतिक भूमिका

यस भू-जगतमा अस्तित्वमा आएका कैयौं प्राणीहरूमध्ये मानिस विवेकशील र सबै भन्दाश्रेष्ठ प्राणी हो । समाजमा मानिस आफ्नो क्षमताअनुसारको भूमिका निर्वाह गुर्नका साथै विकासका हरेक चरणहरूमा अग्रसर हुँदै आइरहेको पाइन्छ। मानिस सामाजिक प्राणी भएकोले मानिस र समाजका असीमित आवश्यकता र चाहनाहरू हुन्छन् । तीमध्ये प्रमुख चाहना सुखभोग वा आत्मसन्तुष्टि हो । आत्मसन्तुष्टिको लागि विचारको शुद्धता आवश्यकता पर्दछ । जसका लागि मानिसभित्र मानवीय भावना र लोककल्याणकारी भावनाको साथै सामाजिक सांस्कृतिक र मनोरञ्जनात्मक भावनाको विकास हुनुपर्दछ । अनिमात्र मानिसको शारीरिक विकास भई देश विकासको निम्ति दक्ष र उत्पादनशील जनशक्ति उत्पादन हुन सक्दछ ।

मानव सभ्यताको विकाससँगसँगै मानव आफू अस्तित्वमा आउन लोककल्याणकारी भावनाबाट प्रेरित भई गुठीपरम्पराको विकास भएको मान्न सकिन्छ । ऐतिहासिक कालदेखि नेपाली समाज हिन्दू धर्मशास्त्रको मनुस्मृतिमा आधारित छ । सोहीअनुसार धर्मबाट प्रभावित भई लोकोपकारी भावनाको विकासमा सामाजिक, धार्मिक र ऐतिहासिक रूपमा अगाडि बढिरहेको हो ।

गुठीको सामाजिक महत्वको रूपमा समाजमा सहयोगको आदानप्रदान मानवकल्याण र सद्भावना कायम राख्न तथा सदाचार र सत्कार्यको विकासलाई लिन सकिन्छ । यसरी लोकहितको पवित्र धारणाले प्रेरित भएर समन्वय र सद्भाव कायम गर्न समाजमा गुठीको जन्म भएको हो । नेवारहरूले धार्मिक सांस्कृतिक र सामाजिक रूपमा गुठीलाई सञ्चालन गरेको कारणले उनीहरूको जीवनमा गुठीको महत्व दिनप्रतिदिन बढ्दो छ । समाजमा आइपर्ने विभिन्न समस्या नीतिनियम निर्माण धर्मशास्त्रको आवश्यकता पर्ने, रीतिस्थिति र संस्कृतिको जर्गेना र निरन्तरताको निम्ति पनि गुठीको अपरिहार्यता नकार्न सकिँदैन ।

यो शोधपत्र गण्डकी प्रदेश अन्तर्गत श्री रमा भगवती सिं गुठीको नेवार समुदायमा आधारित छ । गुठीको अध्ययन गर्दा सामाजिक अस्तित्व प्राप्त गर्ने मनसायले संरचनात्मक प्रकार्यवादको अवधारणाअनुरूप सञ्चालित पाइन्छ । गुठीको माध्यमबाट विभिन्न सामाजिक सांस्कृति धार्मिक कामहरू गरिएको पाइन्छ । जस्तै गाईजात्रा, रोपाईजात्रा, इन्द्रजात्रा आदिमा सकारात्मक सहयोग गरिएको पाइन्छ । त्यस्तैगरी विद्यालय, बाटोघाटो, मन्दिर आदिमा पनि आर्थिक तथा भौतिक सहयोग जुटाएको पाइन्छ ।

नेवार समुदायभित्र पनि फरक फरक सोच र आस्था भएका नेवारहरूलाई एकताबद्ध भई सामाजिक, सांस्कृतिक कार्यहरू सम्पादन गर्ने गरी गुठीले अहम् भूमिका खेलेको छ ।

उत्तरदाताहरूको प्रतिक्रियाअनुसार सबै घरपरिवार गुठीमा प्रवेश गर्नुपर्ने बताएका छन् । यो नेवार समाजको एउटा पहिचान हो भन्न रुचाउँछन् । यसले नेवारहरूको संस्कार धान्न र एकजुट भई सामूहिक रूपमा काम गर्न गुठी निरन्तर सञ्चालन हुनुपर्छ भन्ने कुरालाई शतप्रतिशत उत्तरदाताहरूले समर्थन गरेको पाइन्छ । गुठीमा महिलाको भूमिका सामान्य र पुरुषको अधिक भएको पाइएको छ ।

गुठीमा गुठियारहरूलाई नीतिनियम र निर्देशनअनुसार सञ्चालन गर्नुका साथै आर्थिक क्रियाकलापमा हिसाबकिताब चुस्त राख्नका लागि र समितिले खेलेको भुमिकामा सबै जना सन्तुष्ट छन् भन्ने जनाइएको छ ।

गुठीबाट स्थापित मठ मन्दिर, विद्यालय, धारा, पाटीपौवा जुनसुकै कार्यमा पनि गुठीको अवस्थाबाट अथवा व्याजबाट सञ्चालित भएमा तोकिएका कामहरूमा निरन्तरता र बल मिल्ने कुरा निश्चित छ । त्यसैले सामाजिकरूपमा जग्गा जमिन राखिदिएर त्यसबाट प्राप्त हुने आयस्रोतले लोककल्याणकारी कार्यहरू गर्नाका लागि निरन्तरता दिन समाजिक रूपमा

गुठी राखेको कुरा उल्लेख पाइन्छ । गुठीको माध्यमबाट नेपाली समाजको एकता र सद्भावनाको अभिवृद्धिमा प्रशस्त सहयोग मिलेको पाइन्छ । गुठीप्रति नेपाली समाजको विश्वास वा आस्था हाल आएर कमी हुँदै गएको देखिए तापनि व्यक्तिगत विभिन्नता र धार्मिक आस्थाको आधारमा पाप गर्नु हुँदैन र समाजमा सेवाको भावना राख्नुपर्छ भन्ने कुरा लोप भइसकेको छैन ।

गुठी व्यवस्थाका कारण नेपालमा जसोतसो अहिलेसम्म धार्मिक चहलपहल केही न केही हुँदैछ । गुठी व्यवस्था नभइदिएको भए इन्द्रजात्रा, बिस्केटजात्रा आदि जात्राहरू चल्ने थिएनन् यस्ता चाडपर्व उत्सव स्थापनासँगसँगै समाप्त हुने थिए । नेपालमा विद्यमान गुठी प्रथाले बाहिरिया मानिसहरूलाई पनि प्रभाव पारेको थियो । त्यसैकारणले गर्दा उनीहरूले धार्मिक कार्य गरी तिनीहरूको स्थायित्वको निमित्त स्थायी आयस्रोतको बन्दोबस्त गर्नपुगे । ने.स.७८५ (वि.स. १७२१) माघको पशुपतिको ताम्रपत्रमा महाराष्ट्रका दामोदर भट्टले पशुपतिको पञ्चामृत स्नानका लागि गुठी राखेको उल्लेख पाइन्छ ।

यसरी सभ्यताको विकाससँगसँगै मानव अस्तित्वमा आउन लोककल्याणकारी भावनाको विकाशबाट गुठी राख्ने परम्पराको विकास भएको मान्न सकिन्छ । ऐतिहासिक कालदेखि नेपाल समाज हिन्दू धर्मशास्त्रको मनुस्मृतिमा आधारित छ । सोही मनुस्मृतिमा आधारित नेपाली समाज, धर्मबाट प्रभावित भई लोकोपकारी भावनाको विकासमा, सामाजिक, धार्मिक र ऐतिहासिक रूपमा अगाडि बढ्दै आइरहेको छ । समाजमा आइपर्ने समस्यालगायत नीतिनियम निर्माणमा धर्मशास्त्रको महत्वपूर्ण भूमिका रहँदा पनि समाजको रीतिस्थिति र संस्कृतिको जगेर्ना गरी तिनीहरूलाई नियमितता र निरन्तरता दिन सजिलो पर्ने भएकाले प्राचीन कालदेखि हालसम्म गुठी राख्ने प्रचलन बढेको पाइन्छ ।

गुठीको सामाजिक महत्वको रूपमा समाजमा आदान प्रदान गरिने सहयोग, कल्याण र सद्भावना कायम राख्न तथा सदाचार र सत्कार्यको विकासलाई लिन सकिन्छ । यसरी लोकहितको पवित्र धारणाले प्रेरित भएर समाजमा गुठी राखिएको पाइन्छ । धार्मिक लोकोपकारी कार्य समाजिक रूपमा संचालन गर्नाले पनि गुठीको महत्वलाई दिनानुदिन बढवा दिएको पाइन्छ । समाजमा नाम अमर राख्न र फैलाउन प्रत्येक समाजले देशकाल परिस्थितिअनुकुल केही व्यवस्था गरेको हुन्छ ।

त्यसैले यस अध्ययनको क्षेत्र पोखरा महानगरपालिकामा पनि विभिन्न नेवार समुदायमा गुठीहरू सञ्चालनमा रहेको र सामाजिक, धार्मिक र सांस्कृतिक जगतमा एउटा अमिट छाप छाड्न सफल भएको छ भन्नु अत्युक्ति नहोला । सामाजिक क्षेत्रमा स्कुल, बाटोघाटो, मठमन्दिरमा महत्वपूर्ण भूमिका खेलेको छ भने धार्मिक क्षेत्रमा गुठीपूजा वार्षिक भेलामा गर्ने एक आफैमा धार्मिक तथा संस्कारजन्य कार्य हो र जात्रा, पर्व आदिमा पनि सहभागिता जनाउनु अर्को सांस्कृतिक कार्यको उदाहरण हो भन्ने पुष्टि हुन्छ ।

### ४.६.५ नेवार समुदायमा सञ्चालित गुठीको अन्य जातिमा परेको प्रभाव

यहाँ नेवार समुदायमा अनिवार्य गुठी हुने हुनाले यस श्री रमा भगवती सि गुठीको स्थापना भएको पाइन्छ । यसले यहाँ बसोबास गर्ने अन्य जातिमा पनि प्रभाव पारेको पाइन्छ । गुठीसमितिका पदाधिकारीहरूसँगको छलफलमा प्राप्त जानकारीअनुसार त्यहाँ क्षेत्रीहरूमा पनि क्षेत्री समाज गुठी स्थापना भइसकेको छ । त्यस्तै ब्राह्मण जातिमा पनि मर्दापर्दा सरसहयोगको लागि आफ्नो गाँउ वा टोलका घरपरिवारहरूबाट छुट्टै कोष स्थापना गर्न थालिएको कुरा उल्लेख गरिएको पाइन्छ । नेवारहरूले जस्तै गरी पिकनिक, भोजभतेर, विवाह व्रतबन्धका लागि चाहिने भाँडाकुँडा, कुर्ची आदि खरिद गरी अन्य समाजले पनि सहकार्यात्मक कार्य गर्न थालेको पाइन्छ । यस्ता सहकार्यात्मक कार्यहरू वास्तवमा नेवार समुदायबाट शुरु भए तापनि अन्य जातजातिहरूमा पनि बिस्तारै प्रसारण भएको पाइएको छ । क्षेत्री समाजमा पनि एकरूपता ल्याउन विभिन्न कार्यहरू गर्ने जस्तै पिकनिक आयोजना गरी सबैलाई बोलाएर के समस्या छ, त्यसको जानकारी लिई समाधान गर्ने र नयाँ कार्य गर्न प्रोत्साहन गर्ने । यसरी नेवारी जनजीवनमा प्रचलनमा रहेको गुठीको निरन्तरताले अन्य जातिहरूमा पनि गहिरो प्रभाव पारेको पाइन्छ ।

# अध्याय पाँच

# नेवार समुदायमा गुठीको सहकार्यात्मक भुमिका तथा कार्यहरू

## ५.१ नेवारी गुठीका प्रकारहरू र तिनका कार्यहरू

नेवारी गुठीका विभिन्न प्रकारहरू भए पनि स्पष्ट रूपमा नामकरण गरी सञ्चालित गुठी भएको पाइयो । अन्य गुठीहरू भने प्रष्टरूपमा खुलेर नदेखिए पनि गर्नुपर्ने कामहरू पनि भइरहको पाइन्छ । जस्तै भीमसेन पूजा र दिवाली पूजा जुन एउटै पुर्खाका सदस्यहरूले वेलावखतमा गरेको पाइन्छ । यस समुदायको सन्दर्भमा दिवाली पूजा नयाँ सदस्यले विवाह गरी दुलही भित्रयाएमा उक्त घरपरिवारले दीवालीमा एउटा छुट्टै भाग भनेर बोका ल्याई पूजा गर्नुपर्ने प्रावधान अवलोकनबाट जानकारी भएको छ । त्यस्तै उक्त दिवाली पूजामा सबैको संयुक्त रूपमा एउटा बोका हुन्छ । त्यसलाई दामासाही रूपमा भाग लगाइन्छ । यस गुठीको अध्ययन र अवलोकनबाट प्राप्त जानकारीअनुसार ज्येष्ठ सदस्यहरूले सिखाने भन्ने चलन पनि छ । त्यसमा बोकाका कान, बंगारा आदि कुराहरू रोलक्रमअनुसार विभाजन गरी संयुक्त भोज खाने चलन पनि छ । त्यस्तै गरी जात्रा पर्व मनाउने खालका कामहरू पनि हुन्छन् । तर छुट्टै गुठी भनी नामकरण नगरी स्वत स्फूर्त रूपमा चलाख र संस्कृतिसँग चासो राख्ने बूढापाकाको नेतृत्वमा युवाहरूलाई परिचालन गरी जात्रा पर्वमा सहभागी गराइन्छ । यसरी गुठीका प्रकारअनुसार गुठी नै भनी नचिनिए पनि चाहिने आवश्यक काम भइराखेको हुन्छ । सबैको नेतृत्व गर्ने गुठी भनेको यस अध्ययन क्षेत्रको सबैमा मर्दापर्दा सबै खालको सहयोग गर्ने सिं गुठी र साना गुठी दुवैको काम गर्ने श्री रमा भगवती सिं गुठी नै हो भन्न सकिन्छ ।

**तालिका ५.१: नेवारी गुठीका कार्यहरूको विवरण**

| कार्यहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मर्दापर्दा सहयोग | १८ | ७५ |
| सामाजिक सहयोग | ५ | २०.८३ |
| माथिका सबै | १ | ४.१७ |
| जम्मा | २४ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

यस तालिका अनुसार गुठीका कार्यहरू मर्दापर्दा सहयोग गर्ने भन्नेहरू १८ जना त्यस्तै समाजिका सहयोग भन्नेहरू ५ जना र माथिको सबै भन्ने हरू १ जना भएको पाइयो ।

### ५.१.१ नेवारी गुठीका प्रकार एवं परिचय

नेवार समुदायमा विभिन्न प्रकारका गुठीहरू प्रचलनमा रहेको पाइन्छ । ती गुठीहरू हुन् : नासःद्य गुठी, चौथी पूजा गुठी, होली पूजा गुठी,ससु पूजा (सरस्वती),भीमसेन गुठी, देवाली गुठी आदि । यी गुठीहरूले विभिन्न कार्यहरूमा महत्व राख्दछन् अर्थात् विभिन्न विशिष्ट कार्यहरू सम्पन्न गर्न उपर्युक्त गुठीहरू बनेका हुन्छन् ।

**नासःद्य गुठी**

यस नासःद्य गुठी विशेष गरी नेवार समुदायमा प्रचलित गुठी हो । यसले विभिन्न जात्रा, पर्वहरूमा युवायुवतीहरूलाई नाचगान र देवी देवताको पूजासम्बन्धी व्यवस्थापन गर्ने गर्दछ ।

**चौथी पूजा गुठी**

यस प्रकारको गुठी नेवार समुदायमा चौथी पूजासम्बन्धी कार्यहरूको व्यवस्थापन र सञ्चालन गर्ने उद्देश्यले गठन गरिएको हुन्छ ।

**होली पूजा गुठी**

फागुपूर्णिमाका वेलामा होलीलाई व्यवस्थित रूपमा मनाउन गठन भएको हुन्छ । होली पर्व मनाउनलाई आवश्यक तौरतरिका र मार्गनिर्देशनका लागि यस गुठीले महत्वपूर्ण भूमिका निभाएको हुन्छ ।

**ससु पूजा (सरस्वती)**

ससु पूजाको अर्थ सरस्वती पूजा हो । श्रीपञ्चमी वा वसन्तपञ्चमीको बेला सरस्वती पूजासम्बन्धी व्यवस्थापन र सञ्चालनका लागि यो गुठी बनेको हुन्छ ।

**भीमसेन गुठी**

प्रत्येक नेवार समुदायमा एउटा भीमसेन गुठी हुन्छ ।दशैं वा अन्य विभिन्न समयमा भीमसेन पूजा गरी आफ्नो सांस्कृतिक, धार्मिक कार्य सञ्चालन गर्ने परम्परा छ । भीमसेन पूजालाई व्यवस्थित र मर्यादित ढंगले सञ्चालन गर्न भीमसेन गुठी स्थापना गरिएको हुन्छ ।

**देवाली गुठी**

यो गुठी नेवारहरूको पुर्ख्यौली वा वंशजको आधारमा सञ्चालन गरिएको गुठी हो । पुर्खाहरू एउटै वंशजका मानिसहरूद्वारा सञ्चालन गरिने गुठी भएकाले भौगोलिक रूपले टाढाटाढा भएका दाजुभाइहरू सबैजना आफ्नो पुर्ख्यौली थलामा जम्मा भई देवाली पूजामा सहभागी हुन्छन । यो अन्य ब्राह्मण क्षेत्री आदि जातिमा कुलदेवताको पूजा भनेर चिनिन्छ । यस पुजामा बोका, हाँसका अण्डा आदि अनिवार्यरूपमा ल्याउनु पर्दछ । पूजा सकिएपछि काटिएको बोकाको टाउकालाई विभिन्न भाग लगाइन्छ । जस्तै कान, जिब्रो, बंगारा आदिलाई टुक्राटुक्रा पारी दाजुभाइहरूलाई रोलक्रम जेठोबाठो र अन्य कान्छा उमेरका लाई खान दिइन्छ । जसलाई सी खाने भनिएको पाइएको छ । देवाली पूजामा एउटै पुर्खा वा खलकका पुरुष सदस्यले विवाह गरी नयाँ दुलही भित्र्याएपछि त्यस वर्ष वा अनुकुल मिलाएर पछि पनि छुट्टैभाग भनेर बोका किनेर ल्याई देवालीमा पूजा गर्नुपर्दछ । अन्तरजातीय विवाह गरी कुनै केटाले दुलही ल्याएमा यस पुर्ख्यौली गुठी कुलभित्र उक्त नववधूलाई समावेश नगरिने चलन पनि प्रशस्त मात्रामा पाइएको छ ।

## ५.२ गुठी समितिको परिचय

गुठी समिति भनेको वास्तवमा गुठीका कार्यक्रमहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र नीतिनियमलाई परिचालन गर्न भनी केही व्यक्तिको छनोट हो तर यस गुठीमा त्यसको व्यवस्था छैन । यस गुठीमा २४ जना सदस्यहरू समावेश छन् । जसले एक नायो ( अध्यक्ष) चुन्दछन् र त्यही नायोबाट गुठियारहरूको वार्षिक भेलामा जम्मा भई सबैको सल्लाह र सुझाव आदिबाट छलफल गरी कुनै पनि कार्यको निष्कर्ष निकालिन्छ जसमा २४ जना गुठियारहरू नै उपस्थि भई प्रत्येक वर्ष सम्पूर्ण गुठीको पुजा गर्न पालो दिन र उसलाई सहयोग गर्ने क्षेपाको पनि व्यवस्था गर्ने कार्य गरिन्छ । साथै नयाँ कार्यहरू के के गर्ने र कसरी गर्ने भन्ने कुराको पनि छलफलबाट निष्कर्ष निकालिन्छ ।

## ५.३ नेवालखल गुठीमा पालेहरूको व्यवस्था

अध्ययन क्षेत्रको अध्ययन अनुसन्धानबाट गुठीमा पालेहरू अनिवार्य रूपमा छनोट गर्ने व्यवस्था रकेको पाइन्छ । हालसम्म यस गुठीमा १ जना पाले छान्ने व्यवस्था छ । पाले छनोट गर्ने प्रक्रियाा भने रोलक्रमअनुसार प्रत्येक वर्ष पालै पालो गरिन्छ । पालेको छनोट

प्रक्रिया गुठीको वार्षिक भेलामा सम्पूर्ण गुठियारहरूको उपस्थितिमा गुठी समतिले घोषणा गर्दछ । यसरी घोषणा गरेपछि पुजारी र ज्येष्ठ तथा मान्य व्यक्तिहरूले क्रमश सबैलाई माला लगाएर बधाई दिएको पनि अवलोकनबाट थाहा भएको छ । पालेको समयावधि खासगरी एक वर्षको हुन्छ । पाले विशेष गरेर मर्दापर्दा गुठियार सदस्यहरूलाई खवर गर्ने र आवश्यक सहयोगी भूमिका खेलेका हुन्छन् । उनीले आफ्नो एक वर्षको कार्यकाल पूरा गरेपछि वार्षिक भेलामा ठूला ठूला सेलरोटी र मिष्ठान्न भोजन तयार पार्नुपर्ने हुन्छ ।यहाँ संयुक्त रूपमा पूजा गरिएको एउटा बोका काटिन्छ र अरु पुत्र पुत्री बढाई भनि गुठियारहरूको घरमा छोराछोरी जन्मियो भने एउटा बोका र रोटीहरू फलफूल मिष्ठान भोजन दिने प्रचलन छ जसले गर्दा दुई भन्दा बढी संख्यामा बोका काटिन्छन्, जो आवश्यक मासु पकाइन्छ र बढी भएको मासुलाई दामासाही रूपमा काचै घर पठाउने व्यवस्था मिलाएको हुन्छ । पकाएको मासु चिउरा अनि पालेले ल्याएको मिष्ठान्न भोजनहरू जस्तै सेलरोटी, तरकारी, अचार आदिलाई सम्पूर्ण घरपरिवारलाई बराबर रूपमा भाग लगाइन्छ र भोजको रूपमा खाइन्छ र बढी भएको सेलेरोटी चिउरा मिष्ठान भोजन पनि भागलगाई घरपरिवारमा पठाउने चलन छ ।

## ५.४ नेवार गुठीले गर्ने कामहरू

नेवार समुदायमा आधारित यस नेवाखल गुठीले गुठियार सदस्यका घरमा मानिस मर्दा दाहसंस्कारदेखि लिएर क्रियापुत्रीहरू नचोखिएसम्म लगातार १३ औं दिनसम्म नै आवश्यक सहयोग पुऱ्याइरहेको हुन्छ । दाहसंस्कारको वेलामा सम्पूर्ण गुठियारहरू उपस्थित भई मृतकलाई घरबाट घाटसम्म लैजान आवश्यक सम्पूर्ण कामहरू गर्दछ । त्यस्तै मृतकको घरमा १३ औं दिनसम्म किरियाकर्म गर्ने व्यक्तिको लागि पँधेरो वा खोलामा गई सहयोग गर्ने काम पनि गरिन्छ । यस गुठीले मर्दापर्दामात्र होइन गुठियारहरूलाई आर्थिक सहयोग पनि गरेको पाइन्छ । आर्थिक रूपमा ऋण सापटी चाहिँदा प्रत्येक गुठियारहरूलाई ऋण चाहिए नचाहिएको बारेमा वार्षिक भेलामा सोधिन्छ र आवश्यक परेकाहरूलाई विनाधितो सस्तो व्याज दरमा ऋण वितरण गरिन्छ । यसले गुठियारहरू अति नै कमजोर आर्थिक अवस्था भएका हुन् भने सबैको सरसल्लाहमा ऋण मिनाहा पनि गरेको पाइएको छ । यसै गरी यसले सामाजिक, सांस्कृतिक र धार्मिक क्षेत्रमा पनि विभिन्न कामहरू गरेको पाइएको छ ।

## ५.५ गुठीद्वारा नेवार समुदायमा भएको सहकार्यात्मक सम्बन्ध

गुठीले नेवार समुदायका नेवारहरूका बीचमा राम्रो र सहकार्यात्मक सम्बन्ध कायम गर्न सहयोग पुगेको छ । यसले सम्पूर्ण गुठियारहरूलाई गोलबन्द गराउने र प्रकार्यात्मक सम्बन्ध कायम गर्न अग्रसर गराउने हुनाले सहकार्य र प्रकार्यको लागि सबैलाई अग्रसर गराएको छ । मर्दापर्दा सकारात्मक रूपमा उपस्थित भई सहयोग गर्ने काम र गुठी भेलामा अनिवार्य उपस्थित हुनुपर्ने प्रावधान र अवस्थाले उनीहरू बीचमा सहकार्य गर्नुपर्छ भन्ने भावनाको विकास भएको पाइन्छ । अध्ययन अनुसन्धानबाट शतप्रतिशतले नेवारहरूमा सहकार्य छ र मतभेद छैन भनेका छन् । समूहमा बसेर काम गर्दा सफल भइन्छ भन्नेमा विश्वास गर्दछन् र सहकार्य गर्नु मुख्य दायित्व ठान्दछन् । उनीहरू एकले अर्कालाई सघाउनुपर्छ भन्ने भावनाबाट उनीहरू प्रेरित भएको पाइन्छ । त्यस्तै विवाह, व्रतबन्ध र अन्य सांस्कृतिक धार्मिक कार्यहरूमा पनि सहज रूपमा उपस्थित भई काम गर्ने हुनाले सहकार्यको अवस्था अझ दरिलो भएको कुरा प्रमाणित हुन्छ । गुठीमा सहकार्यात्मक भावनाको अवस्थालाई जनाउन तलको तालिकाले पनि प्रष्ट पार्न सहयोग पुऱ्याउँछ ।

**तालिका ५.२ : गुठियारहरू बीचको सहकार्यात्मक भावनाको विवरण**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| समानता छ | १५ | ६२.५ |
| थाहा छैन | २ | ८.३३ |
| मतभेद छैन | ७ | २९.१७ |
| जम्मा | २४ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

यस तालिकाअनुसार गुठियारहरू बीचमा सहकार्यात्मक भावना २४ घरधुरीको मुलीबाट लिएको तथ्याङ्कमा समानता छ भन्नेहरू १५ जना, थाहा छैन भन्नेहरू २ जना र मतभेद छैन भन्नेहरू७ जना भएको पाइयो ।

## ५.६ गुठीको आर्थिक कोष

### ५.६.१ कोषको स्थापना र रकम सङ्कलन

गुठीका गुठियार सदस्यहरूले निश्चित शुल्क तिरी कोषमा रकम जम्मा गर्दछन् । त्यसपछि जति पनि नयाँ गुठियार गुठीमा प्रवेश गर्दछन् । त्यसमा जम्मा कोषको रकमलाई दामासाही रूपमाभाग लगाइ रकम लिइन्छ, त्यस्तै गरी उक्त कोषको रकमलाई वितरण गर्दा निश्चित प्रतिशतका हिसाबले व्याज तिर्नुपर्दछ ।त्यस्तै गुठियारहरूको छोरा छोरी विदेश गई केही रकम चन्दाको रूपमा पठाउने गर्दछन् । त्यस्तै दण्ड जरिवानाबाट पनि रकम संकलन गरि कोषको स्थापना गर्ने र कोषलाई बढाउन भरपूर सहयोग गरेको पाइन्छ ।

### ५.६.२ कोषको रकम परिचालन

गुठीकोषमा सङ्कलित रकमलाई विभिन्न गुठियारहरूमा ऋणको रूपमा परिचालन गरिन्छ । जसबाट निश्चित प्रतिशतमा व्याज प्राप्त हुन्छ । अध्ययन क्षेत्रको अनुसन्धानबाट प्राप्त जानकारीअनुसार गतवर्षका गुठीको रकम परिचालन गर्दा वर्षिक १३ प्रतिशतका दरले व्याज दिइने गरेको भन्नेमा शतप्रतिशत २४ जना को समर्थन रहेको पाइएको छ । प्राप्त जानकारीअनुसार सकेसम्म सम्पूर्ण रकमलाई ऋणको रूपमा परिचालन गरिन्छ । त्यसपछि बाँकी रहेको रकमलाई सरसल्लाह गरी सर्वसम्मतबाट कुनै विद्यालय, मठमन्दिर, बाटोघाटो निर्माण आदि सामाजिक कार्यका क्षेत्रमा सहयोग गर्नुपरेमा त्यस क्षेत्रमा सहयोग गरिने गरेको पनि पाइएको छ ।

कोष परिचालनको अवस्थालाई निम्न तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ ।

**तालिका ५.३ : गुठीको कोषको रकमको परिचालन विवरण**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक क्षेत्रमा लगानी | १ | ४.१७ |
| गुठीभित्र मात्र प्रयोग | ८ | ३३.३३ |
| गुठियारहरूलाई ऋणको रूपमा प्रवाह | १५ | ६२.५ |
| जम्मा | २४ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

माथिको तालिकामा जम्मा उत्तरदातामध्ये १ जनाले सामाजिक क्षेत्रमा कोषको रकम परिचालन हुन्छ भनेको पाइन्छ, जुन ४.१७% हुन आउँछ । ८ जना उत्तरदाताहरूले गुठीभित्र मात्र प्रयोग हुन्छ भनेको पाइन्छ, जुन् ३३.३३% हुन आउँछ । त्यसै कोषको रकम गुठियार सदस्यहरूलाई ऋणस्वरूप निश्चित व्याजदरमा प्रवाह गरिन्छ भने उत्तरदाताहरू १५ जना छन् । जुन उत्तरदाताको ६२.५% हुन आउँछ ।

### ५.६.३ दण्ड जरिवानासम्बन्धी व्यवस्था

गुठीको नीति र गुठी समितिको निर्देशनमा रही यस गुठीका सम्पूर्ण सदस्यहरू विभिन्न समाजिक, जातीय आदि कार्यहरूमा संलग्न हुन्छन् । यस गुठीका सदस्यहरू(स्थानीय नेवार समुदायका कुनै सदस्य) को मृत्यु भएमा अन्तिम संस्कार सम्पन्न नहुन्जेलसम्म नियमित उपस्थित हुनुपर्ने प्रावधान छ । यदि कुनै सदस्य उक्त कार्यमा सहभागी हुन गएन भने उसको परिवारलाई एकपटकमा गुठीसमितिले निज व्यक्ति वा उसको परिवारलाई आर्थिक जरिवाना गर्न सक्दछ । त्यसैगरी कुनै सदस्य गुठीसङ्गठनको वार्षिक भेलामा उपस्थित नभएको अवस्थामा समेत सोही व्यवस्था गरिएको छ । गुठीसङ्गठनद्वारा व्यवस्था गरी सामाजिक कार्यका लागि दिइएका सामग्रीहरू र भाँडाकुँडाहरू कामको सिलसिलामा हराएमा वा टुटफुट भएमा प्रयोग गर्न लगेको व्यक्तिले सामानको मूल्य बराबरको क्षतिपूर्ति दिनुपर्ने वा सो सामान आफैले किनेर दिनुपर्ने व्यवस्था गरिएको छ । यसलाई प्रष्ट्याउनको लागि दण्ड जरिवानाको प्रक्रियाबारे तालिकाद्वारा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका ५.४ : दण्ड जरिवानासम्बन्धी व्यवस्थाको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अर्को पटक नदोहोऱ्याउने सुझाव दिइन्छ | ६ | २५ |
| गुठी नियमअनुसार जरिवानासहित चेतावनी दिइन्छ । | १८ | ७५ |
| जम्मा | २४ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७७*

माथिको तालिकामा गुठीमा दण्ड जरिवानाको व्यवस्था छ भन्ने कुरा प्रमाणित हुन्छ । ७ जनाले गुठीको नीतिनियम उल्लङ्घन गरेमा अर्कोपटक नदोहोऱ्याउने भन्ने तर्कमा मत व्यक्त गरेका छन् भने १८ जनाले गुठी नीतिनियमअनुसार दण्ड र जरिवानासहित चेतावनी दिइन्छ भनेका छन् । जुन क्रमश २५ प्रतिशत र ७५ प्रतिशत हुन आउँछ ।

## ५.७ समूह छलफल विधिबाट प्राप्त गुठीसम्बन्धी जानकारी

श्री रमा भगवती सिं गुठीका समितिका पदाधिकारीहरूसँग समूह छलफल विधिबाट जानकारी लिइएको छ । यसबाट गुठीले विभिन्न सहकार्यात्मक कार्यहरू गरेको पाइएको छ । गुठीमा जम्मा भएको कोषबाट गुठीलाई आवश्यक पर्ने भाँडाकुँडा, कुर्चिहरू, त्रिपाल, टेन्ट र आदि समान किनिसकेको छ । घरमा पूजा, विवाह, व्रतबन्ध र अन्य भोजभतेरको लागि आवश्यक परेमा सामानहरू व्यक्तिलाई भाडाको रूपमा केही रकम लिई दिने गरिएको छ । यस समितिको भनाईअनुसार आफ्नो जग्गा नभएकोले आफूले सकेको गुठियारहरूबाट चन्दा संकलन गरी जग्गा किनि भवन निर्माण गर्न भनि प्रत्येक वर्ष गुठियारहरूसँग केही निश्चित रकम जम्मा गर्ने गरिएको छ र त्यसको साथै आजकल पुत्र बढाईलाई पनि नगद रूप नै लिने गरिएको छ र कुनै गुठियारहरूको छोराछोरी लाहुरे भर्ति हुने र विदेश गए राम्रो काम गरेवापत पनि चन्दास्वरूप दिने गरेका छन्, जसले गर्न कोषमा बढी भन्दा बढी रकम जम्मा गर्न सकिएको छ । वार्षिक भेलामा यो सबै कार्यक्रम हुने गरिएको र त्यसलाई निरन्तरता दिन अरु के गर्न सकिन्छ भनि छलफल गरिने गरेको पनि छ । जुन अति आवश्यकताको रूपमा लिने गरिएको छ जसले गर्दा गुठीविना नेवारहरूको सामाजिक सांस्कृतिक र जातीय अस्तित्व र पहिचान रहन नसक्ने कुरा पाइएको छ ।

## ५.८ गुठीमा प्रतिनिधित्व गर्ने व्यवस्था

अध्ययन क्षेत्रको अनुसन्धानबाट २४ जना उत्तरदाताहरूसँग लिइएको अन्तरवार्तामा सबै शतप्रतिशतले घरमूलीले नै प्रतिनिधित्व गर्दछ भन्ने गरेको पाइयो । कुनै घरपरिवारमा यदि पुरुष सदस्य नै छैन भने मात्र महिलाका नाम पनि राखिन्छ । गुठीभित्रका गुठियार सदस्यहरूको घरमा कसैको मृत्यु हुँदा लाश उठाउन वा दाहासंस्कारको लागि घाटसम्म पुऱ्याउन यदि घरमूली उमेरले ६० वर्षभन्दा बढी वा अशक्त भएको खण्डमा उसका छोराहरू यदि १६ वर्ष पूरा भएका छन् भने ती छोराहरू दाहसंस्कार कार्यमा सहभागी हुने गरेको अध्ययन क्षेत्रको अवलोकनबाट थाहा भएको छ ।

## ५.९ गुठीमा महिलाको भूमिका

सामान्यतमा गुठीमा महिलाको भूमिका सामान्य नै रहन्छ । अरु प्रमुख नीतिनियम र कार्यक्रममा पुरुषले बढी भूमिका खेलेको हुन्छ तापनि मर्दापर्दा महिलाको आवश्यक पर्ने ठाउँमा उनीहरूले पनि सहयोग गरेका हुन्छन् । जस्तै नेवारको घरपरिवारमा मृत्यु हुँदा मृतकका छोरीहरू भएमा अनिवार्य उपस्थिति हुनुपर्ने देखिन्छ र गुठीको वार्षिक भेलामा पनि महिलाहरूले विभिन्न सरसहयोग गरिएको पाइन्छ । उनीहरूले गुठीको वार्षिक भेलाको वखत भोजभतेरमा मन्दिर परिसरमा गएर पानी ल्याउने, चिउरा, रोटी आदि खानेकुराहरू तयार पार्ने र मिलाइदिने काम गरेको पाइन्छ । यसलाई प्रष्ट पार्नका लागि एउटा तालिका प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

**तालिका ५.५ :गुठीमा महिलाको भूमिकाको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नगन्य | ० | ० |
| सामान्य | २ | ८.३३ |
| धेरै | २२ | ९१.६७ |
| जम्मा | २४ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७७*

उपर्युक्त तालिकामा उत्तरदाताहरूले महिलाको भूमिकाको सम्बन्धमा विभिन्न विचारहरू राखेको पाइन्छ । जसमा महिलाको भूमिका नगण्य हुन्छ भन्नेमा कोहीपनि छैन । जुन कुल उत्तरदाताको ०% हुन्छ । सामान्य भूमिका हुन्छ भन्नेमा २ जनाको समर्थन पाइएको छ । जुन जम्मा उत्तरदाताको ८.३३% हुन्छ र महिलाको भूमिका गुठीमा धेरै नै हुन्छ भन्नेमा २२ जनाको समर्थन पाइएको छ । जुन जम्मा उत्तरदाताको ९१.६७% हुन्छ ।

## ५.१० गुठीसँग नेवारी जनजीवनको प्रकार्यात्मक सम्बन्ध

नेवार समुदाय एउटा सिँडंगो संरचना हो । विभिन्न एकाइहरूका संयोजनबाट नै नेवार समुदाय निर्माण भएको पाइन्छ । धर्म, विवाह, परिवार, नातेदार, चाडपर्व आदि एकाइहरू हुन् । गुठी र नेवारहरूबीचमा भएको प्रकार्यात्मक सम्बन्धको आधारमा नेवार समुदायले जीवन्तता पाएको छ ।

समाजको अस्तित्वलाई यथावत् कायम राख्दै अघि बढ्न त्यहाँ द्वन्द्वभन्दा समन्वयको मात्रा बढी हुनुपर्दछ  भन्ने मान्यताअनुरूप नेवार समुदायमा पनि धार्मिक तथा सामाजिक द्वन्द्व ल्याउने व्यक्ति वा नीतिनियम नमान्नेलाई दण्डसजाय दिइन्छ । गुठीसङ्गठनमा आवश्यक नीतिनियम पालना नगर्नेलाई आर्थिक जरीवाना गरिने र समाजिक रूपमा नै सजाय दिनुपर्ने भए गुठीसमिति र गुठियारहरूबीचमा छलफल गरी दण्डजरिवाना वा सजाय तोकिन्छ ।

नेवार समुदायमा सामाजिक क्रियाकलापलाई निरन्तरता दिन गुठीका गुठियारहरूबीचमा पूजापाठ, भोजभतेर र संस्कारगत कार्यहरूमा समन्वय भएको पाइन्छ । जस्तै देवाली पूजा, भीमसेन पूजा, गुठीको वार्षिक भोज, मृत्यु संस्कारमा गुठियारहरूले सामूहिक संलग्नता जनाएर आफ्नो महत्वपूर्ण योगदान दिँदै आएको पाइन्छ ।

गुठीले वास्तवमा प्रकार्यात्मक एकतालाई झल्काएको पाइन्छ । श्री रमा भगवती सिं गुठी समुदायमा आधारित गुठीका गुठियारहरूबीचमा पनि विभिन्न संस्कारगत कार्यहरूमा प्रकार्यत्मक एकता पाइन्छ । नवदुर्गा अष्टमीका दिन भीमसेन पूजामा सहभागी हुनु, गुठीको सामूहिक भोज कार्यक्रममा अनिवार्य रूपमा सहभागी हुनु, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनु आदिले नेवार समुदायको प्रकार्यत्मक सम्बन्धलाई उजागर गरेको छ । त्यस्तै जात्राहरूमा पनि सामूहिक रूपमा उपस्थित हुँदै गुठियारहरूलाई आफ्नो दायित्वबोधका साथ सामाजिक कार्यमा सहभागी हुन गुठीले एक सेतुको काम गरेको छ ।

गुठीमा संलग्न हुनु नेवारी समुदायको अपरिहार्यता हो । गुठियारहरूको घरपरिवारका सदस्यहरूको मृत्युकार्य वा दाहसंस्कारमा सहभागी नभएमा दण्डजरिवाना गरिनुले प्रकार्यात्मक अपरिहार्यतालाई झल्काउँछ । उनीहरूलाई भोजभतेर, जात्रा वा पर्वहरूमा सहभागी भई आफ्नो पहिचान नदिएमा सामाजिक रूपमा असुरक्षा र एक्लो महसूस हुनु अप्रकट कार्यमा पर्दछ । यसरी गुठीसँग नेवारसमुदायको प्रकार्यात्मक सम्बन्ध रहेको कुरा यस सिं गुठीका समाजशास्त्रीय अध्ययनले पनि प्रष्ट्याएको छ । जस्तो कुनै नेवारले अन्तरजातीय विवाह गरेमा आउने नयाँ दुलही वा महिलालाई नेवारहरूको पुर्ख्यौली गुठी देवालीमा प्रवेश गराइँदैन भन्ने पनि पाइएको छ । तर यो प्रचलन बिस्तारै हराउँदै गएको छ ।

गुठीमा प्रवेश गर्नाले सामाजिक सुरक्षा पाइन्छ र यसले नेवार समुदायमा आपसी सम्बन्ध सुधार्न महत्वपुर्ण भूमिका खेल्छ भन्ने सन्दर्भमा अधिकांश उत्तरदाताहरूको मत

पाइन्छ । २४ उत्तरदातामध्ये सबै १०० % ले यस पक्षमा अभिव्यक्ति दिएको पाइन्छ । त्यस्तै गुठीलाई व्यवस्थित बनाउन गुठीसमिति बनेको छ र जसले नेवारी जनजीवनको प्रकार्यलाई सुचारु गर्न मद्दत गरेको पाइन्छ । यसले गुठियारहरूलाई नीतिनियम र मर्यादाअनुसार व्यवस्थित रूपमा कार्य गर्न निर्देशित गर्दछ ।

मर्दापर्दा र मृत्युसंस्कारको खबर आदान प्रदानका लागि पालेहरूको व्यवस्था गरिन्छन जुन प्रत्येक वर्ष पालैपालो चुनिन्छन् । यहाँ हाल १ जना पाले र १ जना क्षेपा छन् ।

## ५.११ गुठी व्यवस्थामा आएका समस्या तथा चुनौतीहरू

नेवार जनजीवनमा प्राचीनकालदेखि नै गुठीको महत्व रहँदै आएको छ । नेवारहरूको बीचमा विभिन्न गुठीका माध्यमबाट धार्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रमा महत्वपूर्ण कार्यहरू भएका छन्, तर जुनसुकै कार्यको पनि सकारात्मक र नकारात्मक पक्ष हुन्छ । समयको गतिसँगै गुठी सञ्चालनमा पनि केही कठिनाइहरू आइपरेका छन् ।

सामाजिक मूल्यमान्यता कायम गर्ने, नीतिनियम र संस्कारलाई निरन्तरता दिनुको साथै परोपकरी प्रकृतिका कार्यहरू गर्दै समुदायका मानिसहरूका बीचमा समन्वयात्मक भूमिका खेल्नु अनि विशेषत मर्दापर्दा सङ्गठनात्मक ढंगले सहयोग र सद्भावपूर्वक कार्य सम्पादनमा सकारात्मक भूमिका खेल्नु गुठीको मूल आशय हो तापनि समयको विकास र परिवर्तनको प्रवाहमा पूर्ववत् रूपमा सबै नीतिनियम र संस्कारहरूलाई पूर्ण रूपमा पालना गर्ने सन्दर्भमा केही समस्या देखिएको छ । प्राचीनकालमा पूर्वजहरूले के कस्ता उद्देश्य राखी गुठी प्रचलनमा ल्याएका थिए? त्यसको कुनै लेखाजोखा हुनसकेको छैन । यत्ति मात्र होइन कि भविष्यका निम्ति गुठीको प्रकृति र परिचालन सम्बन्धमा विगतको इतिहास खोज्नु परेमा यसलाई अभिलेखको रूपमा राख्ने चलन नहुनाले करिब ५ वर्षअघिको मात्र अभिलेख खोज्दा पनि प्राप्त गर्न सकिँदैन । खोलो तऱ्यो लौरा पनि बिर्स्यो भनेजस्तै वर्तमानमा भएगरेका क्रियाकलाप तथा गतिविधिलाई संरक्षण र सम्वर्द्धन गर्ने सोचको विकास भएको पाइँदैन । आधुनिक युवाजगतले बाबु, बाजेको संस्कृतिलाई स्वीकारेको अवस्था छैन, केवल औपचारिकता पूरा गर्ने हिसाबमा आधुनिक युवाजगत लागेको पाइन्छ । त्यस्तै बसाइँसराइँ र आधुनिकीकरण तथा पशिचमीकरणको प्रभावमा सम्पूर्ण नेवार युवाहरू पनि परेका छन्, जुन प्रभाव संस्कार र संस्कृति जगेर्नाको निम्ति बाधक हुनपुगेको छ ।

त्यस्तै नेवारहरू विभिन्न स्थानमा अन्य जातिहरूसँग मिश्रित रूपमा बसोबास गर्नुपरेका कारण अन्य जातिको संस्कारलाई बोझ र झन्झटको रूपमा लिने गरेको पनि पाइन्छ । समयको गतिसँगै आर्थिक उन्नति र प्रगतिका लागि आधुनिक व्यापार व्यवसाय र विदेश जाने प्रवृत्तिले कला र संस्कृतिप्रति कमै मात्र चासो देखाउने गरेको पाइन्छ । सहयोग र समन्वयप्रति कम चासो देखाउने र व्यक्तिगत स्वार्थपूर्तिका लागि तथा द्रुतगतिमा आर्थिक उन्नति गर्ने दौडमा आधुनिक युवाजगत फसेको पाइन्छ । साधारणतया आर्थिक उन्नति नै सर्वोपरि कार्य हो भन्ने खालको सोचको विकास भएको कारण सहकार्यात्मक सम्बन्धमा केही फिकापन देखिएको छ । अर्कोतिर पूर्वजहरूले पनि संस्कृति र संस्कारको निरन्तरताको लागि आफ्ना बालबालिकाहरू भविष्यमा सबल र सक्षम बनाउने कुनै योजना बनाउन पाइँदैन, जसले गर्दा गुठीको मर्मअनुसारको कार्यले पूर्णता पाउन सकेको छैन ।

### **५.११.१ गुठी व्यवस्थापनसम्बन्धी समस्याहरू**

नेवार समुदायका सञ्चालित गुठी सञ्चालन गर्दा समय, परिस्थिति र अवस्थाले गर्दा विभिन्न समस्याहरू देखापरेका छन् । दिन प्रतिदिन सडक किनार, शहरबजार बाक्लो बस्ती अनि खेतीयोग्य जमिन भएको ठाँउमा नेवारहरूको जनसङ्ख्या वृद्धि तीव्र रूपमा भएको पाइन्छ । जसले गर्दा गुठीका सदस्यहरूको सङ्ख्यामा वृद्धि हुनु स्वाभाविकै हो । यसले गर्दा गुठियारहरू बीचमा मतमतान्तर पनि आउने गरेको पाइन्छ । कहीँ प्रत्यक्ष रूपमा नै मतमतान्तर देखिन्छ भने कतै अप्रत्यक्षरूपमा देखिन्छ । आन्तरिक रूपमा भएको समस्या र मतभिन्नतालाई बाहिर व्यक्त गर्न नचाहेको देखिन्छ । गुठीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न जनसङ्ख्या वृद्धिदर भौगोलिक अवस्था, बढ्दो आधुनिकीकरण आदिले बाधा पुऱ्याएको छ । आधुनिक युवाजगत आर्थिक उन्नतिका लागि रोजगारी र व्यापारको सिलसिलामा विदेशिनु परेको छ । स्वदेशमै रहेका युवाहरू पनि देशको विभिन्न शहरहरू जस्तै काठमाडौं, पोखरा, दमौली र बेसीशहर, दुलेगौँडा जस्ता ठाँउहरूमा व्यापारका सिलसिलामा गएका छन् । गुठीमा नयाँ पिँढीको सहभागिता त्यति सन्तोषजनक पाइएको छैन ।

### **५.११.२ गुठी व्यवस्थापनसम्बन्धी समस्याका कारणहरू**

गुठी व्यवस्थापनमा बाधाअड्चन आउनुमा केही न केही कारणहरू हुन्छन् । ती कारणहरूलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

- युवा पिँढीलाई संस्कारगत सांस्कृतिक कुराभन्दा आधुनिकताको विचारको प्रभाव पार्नु ।
- आर्थिक उन्नति गरेमा मात्र केही गऱ्यो भनी समाजले औँल्याउने हुनाले आर्थिक उन्नतिको लागि युवाहरू रोजगारीका लागि विदेश जानु ।
- परिवर्तित परिस्थिति र सोचको कारण मानिसहरूलाई आफ्नो संस्कृति र संस्कारप्रति कम चासो हुनु आदि ।

### ५.११.३ गुठी व्यवस्थापनसम्बन्धी समस्या समाधानका उपायहरू

जहाँ समस्या त्यहाँ उपाय भनेझैं जनुसुकै समस्याका पनि समाधानका उपायहरूहुनसक्छन् । त्यसलाई खोजी गरी उपर्युक्त उपाय पत्ता लगाई सम्बन्धित क्षेत्रमा लागु गर्नुपर्ने हुन्छ । यस गुठी व्यवस्थापनमा देखिएका समस्यहरूको समाधान गर्न पनि केही उपायहरूको अवलम्बन गर्न सकिन्छ । जसलाई बुँदागत रूपमा यस प्रकारले राखिएको छ :

- स्थानीय रूपमा सञ्चालन गर्न सकिने व्यवस्थापनको खोजी गरी युवाहरूलाई संलग्न गराउन सकिन्छ ।
- विदेशी रोजगारीमा लागेका युवाहरूलाई स्वदेशी रोजगारको खोजी गर्दै स्थानीय स्रोत र साधन परिचालन गरी आय आर्जनतर्फ आकर्षित गर्नु ।
- एक्लै आ-आफ्नो ढंगले भौतारिएका युवाहरूलाई सामूहिक सङ्गठन बनाई सहकार्यात्मक ढङ्गले काम गर्न प्रेरित गर्ने ।
- गुठीको मन्दिर परिसरमा व्यवस्थित रूपमा बाटोघाटो, धारो, बस्ने छाप्रोको व्यवस्था गर्ने अनि पिकनिक स्थलको रूपमा विकास गर्ने ।
- मत मतान्तरलाई कमी गर्न गुठीमा भएका गुठियारहरूको बीचमा पारस्परिक सम्बन्ध राम्रो पार्न गुठी समिति र अगुवाहरूले बेला वखतमा प्रशिक्षणको व्यवस्थागर्ने अनि गुठी निष्पक्ष रूपमा काम गर्ने सङ्गठन हो भन्ने आभास दिलाउने ।
- विभिन्न सोच र राजनैतिक पार्टीका व्यक्ति पनि एउटै गुठीभित्र समावेश हुने हुनाले राजनैतिक भावनाका कुरा गुठीसङ्गठनमा नल्याउने ।

एकता नै बल हो भन्ने कुरालाई सबै गुठियारहरू समक्ष प्रवाह गर्दै सद्भाव र सहकार्यको अवस्था सिर्जनागर्ने र सामाजिक भावनाको विकास गर्ने आदि ।

# अध्याय छ

# सारांश, निष्कर्ष र सुझावहरू

## ६.१ सारांश

नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक विविध रीतिरिवाज, संस्कार र संस्कृतिले भरिपूर्ण छ । यसमध्ये नेवार समुदाय संस्कृतिको धनी समुदाय भनेर चिनिन्छ । यस समुदायलाई पनि अन्य समुदायलाई जस्तै गरी गहिरो रूपमा धार्मिक र सांस्कृतिक प्रभाव परेको पाइन्छ । त्यस्तै गरी नेवारीजनजीवनमा आधारित मर्दापर्दा तथा संस्कारगत कार्यमा आधारित सिं गुठी मा पनि यस्ता धार्मिक र सांकृतिक प्रभाव परेको पाइन्छ । कुनै पनि समाजमा धर्म, संस्कृति र संस्कारको संरक्षण र सम्बर्द्धन गर्नसकेमा मात्र जुनसुकै समाजले पनि आफ्नो अस्तित्व कायम राख्न र पहिचानलाई युगयुगान्तरसम्म स्थापित गर्न सक्दछ । यसका लागि समाजमा सांस्कृतिक तथा धार्मिक नीतिहरूप्रति विश्वासका साथै आपसी सहयोग र सद्भाव तथा सामाजिक विकासको अवधारणा विकसित हुनु आवश्यक छ । यसलाई मद्दत पुऱ्याउन नेवार समुदायमा आधारित गुठीले पनि महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्दछ । यसले नेवारी समाज र संस्कृतिको पहिचान र अस्तित्व कायम गर्न र सामूहिक हितले अभिप्रेरित लोकोपकारी क्रियाकलाप सञ्चालन गरी समाजमा शान्ति भ्रातृत्व पारस्परिक सहयोगको स्थिति कायम गर्न नेवारी गुठीको विकास र निरन्तरताको आवश्यकता छ । यस श्री रमा भगवती सिं गुठीका नेवार समुदाय पनि यसबाट अलग रहन सक्दैन ।

वर्तमान अवस्थामा हेर्दा नेवारहरू कुनै न कुनै गुठीमा आबद्ध हुन बाध्य छन् । त्यसमध्ये पनि मर्दापर्दा सरसहयोग र दाहसंस्कारलाई व्यवस्थित र सजिलै सम्पन गर्न नेवारहरूको जाति र निश्चित क्षेत्रमा आधारित सिंगुठीको अपरिहार्यतालाई नकार्न सकिदैंन, तर पनि विकासको गतिसँगै संस्कृतिक र संस्कारगत विकास पनि सँगसँगै हुनुपर्नेमा आधुनिक युवापिँढीहरू बाह्य सांस्कृतिक प्रभाव र द्रुत गतिमा आर्थिक उन्नति गर्न रोजगारीका लागि विदेशिने र व्यापारव्यवसायमा मात्र बढी ध्यान दिनाले गुठीको

मूल्यमान्यतालाई पूर्ववत् रूपमा कायम गर्न समस्या पर्ने देखिन्छ । अर्कोतिर युवाजगत्ले यसप्रति त्यति बढी चासो राख्न नसकेको पाइन्छ । नेवारहरूले गुठीसङ्गठनमा कोषको स्थापना गरेका छन् । त्यसलाई गुठियारहरूका बीचमा ऋण वितरण गरिने र व्याज पनि बढ्दै जाने देखिन्छ । यसले कोषबाट केही रकम विद्यालय, बाटोघाटो, मठमन्दिर आदिमा पनि लगानी गर्न सफल भएको छ । जसले अन्य समुदायलाई पनि सामाजिक कार्यमा अग्रसर हुन प्रेरित गर्दछ । तर नेवार समुदाय एकजुट भई सामाजिक कार्यमा लागि पर्नु पर्दछ, अर्थात प्रकार्यात्मक सम्बन्धलाई कायम गर्दै अघिबढ्नु पर्दछ भन्ने कुरा स्थलगत अनुसन्धानबाट पाइएको छ । यस समुदायका सबैजसो मानिसहरूले गुठीसङ्गठन भनेको नेवार जातिको जातीय पहिचान हो र यसलाई भावी सन्ततिहरूको लागि पनि बचाई दिनुपर्ने देखिन्छ ।

## ६.२ निष्कर्षहरू

नेवारी जनवीवनमा गुठीको भूमिका/महत्व विषयक यस अध्ययनबाट निम्न लिखिति निष्कर्षहरू पाइयो।

- गुठी नेवारहरूको जातीय संगठन हो र यो उनीहरूको जातीय पहिचान पनि हो त्यसमा पनि श्रीरमा भगवती सिं गुठीमा भान्साकार्य तभ्या, श्रेष्ठ, उज्जर आदि सबै थरका मिली रहेको पाइएको छ ।
- श्री रमा भगवती सिं गुठीमा आवद्ध भएका गुठीयारमध्ये एकजना आर्थिक अवस्था ज्यादै कमजोर भएको गुठियारलाई उनको आमाको मृत्यु हुँदा सबै जनासँग सकेको रकम संकलन गरी नपुग भएको रकम गुठीले राखि अरु चाहिने सम्पूर्ण सामाग्री सहित खर्च व्यहोरी दाहसंस्कार गरिदिएको र उसलाई १३ दिनसम्म चाहिने सम्पूर्ण समाग्री र खर्च पनि जुटाई कार्य सम्पूर्ण गरिदिएको उदाहरणले आफ्नो समुदायका मानिसलाई आर्थिक समाजिक र अन्य खालका सहयोग गर्ने काम गुठीले गर्दछ भन्ने पाइएको छ ।
- यस समुदायका नेवारहरूले नेवारका विभिन्न गुठीहरूका प्रकारबारे खासै जानकारी राखेको पाइएन । उनीहरूले गुठी भनेको मर्दापर्दा सहयोग गर्ने (सिं गुठी) हो भनेर लिएको पाइयो । देवाली गुठीलाई कुलदेवताको पूजा भनेर नै बढी प्रचति भएको र

अन्य भीमसेन गुठी, सरस्वती पूजा गुठी, नास द्य गुठी आदिसँग सम्बन्धित कामहरू हुने गरेको तर तिनीहरूको नाममा छुट्टै गुठी गठन भएको पाइँदैन ।

- गुठीका नीतिनियमहरू वार्षिक भेलाको समयमा आवश्यकताअनुसार निर्माण र परिमार्जन गर्ने गरिएको पाइयो । तर यस गुठीको दर्ता भने भएको छैन र दर्ता गर्ने प्रक्रियामा विधानहरू निर्माण हुँदै गरेको कुरा जानकारी प्राप्त भएको छ ।
- यस गुठीका गुठियारहरू भौगोलिक दूरीका हिसाबले टाढाटाढा छरिएर रहेको पाइयो । तापनि गुठीलाई बोझ र झन्झटको रूपमा लिएको भने पाइएन । अर्थात सबैले यस गुठीको एकता, सम्बृद्धि र उन्नति/प्रगतिको कामना गर्दै जतिसुकै गाह्रो अप्ठ्यारो भए पनि सहज रूपमा स्वीकारेकोपाइयो ।
- प्रायजसो नयाँ युवाहरू रोजगारी र व्यापार व्यवसायको सिलसिलामा विदेशी रोजगारका लागि विदेशसमेत गएकोले अधिकांश रूपमा घरमुली तथा वृद्धहरू र महिलाहरूले घर धानेर बसेको पाइयो । गुठीमा पनि तिनै व्यक्तिहरूले आफ्नो दायित्व पूरा गर्दै आएको पाइयो । तर स्थानीय विद्यालय र सरकारी कार्यालयहरूमा रोजगारी प्राप्त गरेका युवाहरू र स्थानीय व्यापारीहरूको भने उल्लेख्य सहभागिता पाइयो ।
- गुठीमा गुठियारहरूबीचमा मतमतान्तरको अवस्था नगण्य रहेको र सबैले सहकार्यात्मक र प्रकायात्मक सम्बन्धलाई कायम राखेको पाइयो । भित्रभित्र आपसमा अन्तरविरोध हुनसक्छन्, तर कसैले पनि बाहिर व्यक्त गरेको पाइएन अर्थात उत्तरदाताहरूले आपसमा एकता छ र मतभेद छैन भनेको पाइयो ।
- यस गुठीमा कार्यरत गुठीसमितिका पदाधिकारीहरू र बुज्रुक वर्ग सामाजिक सांस्कृतिक र धार्मिक क्षेत्रमा गुठीले सहयोग गर्नुपर्छ भन्नेतर्फ उत्प्रेरित भएको पाइयो ।
- यस समुदायका गुठियारहरूमध्ये बजार वा पृथ्वीराजमार्ग आसपासमा बसोबास गरेकाहरूले सानातिना पसल, होटल अदि चलाएर व्यापारलाई निरन्तरता दिएको पाइयो र  अन्य केही गुठियारहरूनोकरी र विदेशतिर गएको पाइयो ।

- सबैजसो उत्तरदाताहरूले गुठीसङ्गठनको अपरिहार्यतालाई व्यक्त गरेको र यसको प्रभाव अन्य समुदायमा पनि परेकोले अझ यसको निरन्तरताको विकल्प छैन भन्ने पाइयो ।

## ६.३ सुझावहरू

नेवारी समुदायमा गुठीले निरन्तरता पाउन समयसापेक्ष नीतिनियममा परिवर्तन गरी दक्षतापूर्वक कार्य सम्पादन गर्न केही सुझावहरू प्रस्तुत गरिन्छ ।

- वर्तमान परिवेशमा गुठी संगठनको भूमिका र महत्व विषयमा गहिरो अध्ययन अनुसन्धान गर्न जरुरी देखिन्छ ।
- वर्तमान परिवशेमा गुठीलाई सहज गरी सञ्चालन गर्न त्यसको नीतिनियमलाई खुकुलो बनाउन के गर्न सकिन्छ । त्यसको अध्ययन अनुसन्धान गर्न जरुरी देखिन्छ ।
- यस गुठीले जग्गा किनी भवन निर्माण गर्ने भन्ने कुरालाई तीव्रता दिन के कार्य गरेको छ  भनी अध्ययन अनुसन्धान गर्न जरुरी देखिन्छ ।
- यस गुठीले मानिस मर्दाखेरी सहयोग गर्ने सिं गुठीमा मात्र सीमित छ तर नेवारी समुदायले यस अतिरिक्त विभिन्न गुठीहरूका बारेमा जानकारी राखि भावी अनुसन्धाकर्ताले उक्त गुठीहरूको पनि अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ ।
- नेवारी समुदायमा प्रचलित गुठीले धर्म संस्कृतिको जगेर्ना गर्न के कस्ता महत्वपूर्ण भूमिका खेलेको छ सो विषयको गहिरो अध्ययन आवश्यक देखिन्छ ।
- नेवारी समुदायमा पालेको व्यवस्था हुने हुँदा उनीहरूको बारेमा के के र कसरी काम गर्दछन् भनि अध्ययन गर्न आवश्यक देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


गुरुङ्ग, गणेशमान (२०४१), *दुरा जातिको सामाजिक अध्ययन,* नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, काठमाडौं ।

घिमिरे, विष्णुप्रसाद (२०६४), *चितवनका आदिवासी जनजातिको सामाजिक सांस्कृतिक अध्ययन,*जि.वि.स. सूचना तथा अभिलेख केन्द्र, भरतपुर, चितवन, नेपाल ।

टण्डन, गोविन्द (२०५३), *गुठीमा देखा परेका समस्याहरू,*कान्तिपुर दैनिक असोज ६ ।

टण्डन, गोविन्द (२०५२), *नेपालमा गुठी व्यवस्था,* काठमाडौं नेपाल अध्ययन समूह, काठमाडौं ।

ढकाल, निर्मला (२०५९),*स्याङ्गजा जिल्लामा गुठी व्यवस्था एक अध्ययन*(अप्रकाशितशोधपत्र), इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

तामाङ, परशुराम (२०५१),*तामाङ जाति नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान कमलादी,* काठमाण्डौं ।

दहित, गोपाल (२०६२), *थारु संस्कृतिको संक्षिप्त परिचय आदिवासी जनजाति उत्थान,* राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर ।

दीप, ध्रुव (२०५२), *हाम्रो संस्कृति हाम्रो ढुकुटी साभा प्रकाशन,* पुलचोक, ललितपुर, नेपाल ।

पौड्याल, दामोदर (२०३६), *समाज र राष्ट्रको उत्थानमा गुठी व्यवस्था,* नेपाल राजकीय पज्ञाप्रतिष्ठान, काठमाडौं ।

बज्राचार्य, धनबज्र (२०३०), *लिच्छवीकालका अभिलेख,* नेपाल एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर : त्रि.वि.वि., नेपाल ।

बज्राचार्य, पुण्यरत्न (२०२६), *हाम्रो चाडपर्व,*काठमाडौं,रत्नपुस्तक भण्डार, भोटाहिटी ।

बराल, रामचन्द्र (२०५७), *विवाह विच्छेदका कारण र असर* (अप्रकाशित शोधपत्र), समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर, काठमाडौं ।

बराल, रामचन्द्र (२०६२), *शोध विद्यार्थीका अन्यौलता र समाधानका विषयहरू,* पेड नेपाल ।

बी. अर्याल र अचार्य (२०५९), *नेपाली समाज र संस्कृतिको विश्लेषण,* वाणी अफसेट मुद्रणालय, टेकू ।

रेग्मी, एम.सी. (१९९९), *ल्याण्ड ओनरसीप इन नेपाल,* दिल्ली एयरपोर्ट पब्लिकेशन ।

विष्ट, डोर बहादुर (२०३०), *सबै जातको फुलबारी हिमाल एशोसियसन,* पाटनढोका, ललितपुर, नेपाल ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन साझा प्रकाशन,* पुलचोक, ललितपुर ।

श्रेष्ठ र दाहाल (२०५७), *समकालीन नेपाली समाज,* नेपाल फाउण्डेशन फर एड्भान्स स्टडिज, काठमाडौं, नेपाल ।

शर्मा, मोदिनीप्रसाद (२०४४), *थारु जाति एक अध्ययन,* पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगर, नेपाल ।

श्रेष्ठ र बज्राचार्य, टेक बहादुर र धनबज्र (२०३७),*शाहकालका अभिलेख,*एसियाली अनुसन्धान केन्द्र, काठमाडौं ।

श्रेष्ठ, ज्ञानबहादुर (२०५३), *गुठी संस्थान ऐन,*काठमाडौं : पैरवी प्रकाशन।

Bista, Dor Bahadur (2002). *People of Nepal*. Kathmandu: Ratna Pustak Bhandar.

HMG-N. (2002). *Adivasi janjati Utthan*. Rastriya Pratisthan, 2058 B.S.

Kirkpatrick, W.J. (2007). *An Accunt of the Kingdom of Nepal*. Rupa Co. Publication, Nepal.

National Foundation for Development of Indigineous Nationalities Act, 2002 A.D.

Nepali, Gopal Singh (1965). *The Newars*. New Delhi: United Asia Puplication, India.

Shrestha, P. (2062).*The Newar*. Kathmandu: Shrestha Society Publication, Nepal.

Writht, D. (1877).*History of Nepal*. Republished: By Rupa Co. Publication in 2007.

# अनुसूची

## प्रश्नावलीहरू

## नेवारी जनजीवनमा गुठीको भूमिका

गुठीको नाम

१. सामान्य परिचय

उत्तरदाता/घरमुलीको नाम, थर .................... लिङ्ग महिला पुरुष

ठेगना : जिल्ला वडा नं.

घर नं. .... ....पेशा ....... धर्म ........ उमेर ........

परिवारको किसिम : एकल संयुक्त

२. गुठीमा नयाँ सदस्यता लिन के गर्नुपर्छ ?

गुठियारहरूको बराबर शुल्क तिरेपछि निशुल्क

किसिलि चढाई निश्चित रकम

३. यस गुठीलाई व्यवस्थित बनाउन समिति बनेको छ कि छैन ?

छ छैन ।

यदि छ भने कतिजनाको समिति छ जना

समितिको कार्यकाल कति समयको हुन्छ ? वर्ष काम गर्न चाहे जति

समितिको छनोट कसरी गरिन्छ ?

वर्षिक भेलाबाट मनोनयन चुनावद्धारा

पुरानो समितिले मनोनयन गर्दछ। स्वइच्छाले बस्न पाइन्छ ।

४. गुठी समितिको जिम्मेवारीहरू के के हुन्छन ?

मृत्युपश्चात् काजक्रियाको व्यवस्थापन गर्ने

गुठीसम्बन्धी नीतिनियम र निर्णय गर्ने

गुठीका चल अचल सम्पत्तिको संरक्षण गर्ने

माथिका सबै अन्य

५. तपाई सञ्चालक समितिको सदस्यमा हुनुहुन्छ कि हुनुहुदैन ?

छु छैन

६. गुठी कति प्रकारका हुन्छन्?

........ प्रकारका हुन्छन् ।

७. यस गुठीले के काम गर्दछ ?

आर्थिक सहयोग । मर्दापर्दा सहयोग

सामाजिक सहयोग माथिका सबै अन्य

८. तपाईको विचारमा गुठी कस्तो सङ्गठन हो?

आर्थिक धार्मिक सामाजिक

नेवारहरूको जातीय सङ्गठन हो । अन्य

९. गुठीमा तपाईको घरबाट प्रतिनिधित्व कसले गर्दछ?

घरमुलीले श्रीमतीले

छोरा अन्य

१०. यस गुठीमा प्रवेश गर्न चाहने नयाँ सदस्य (गुठियार)हरूलाई कस्तो व्यवस्था छ ।

निशुल्क सदस्यता दिइन्छ न्यूनतम शुल्क लिइन्छ

गुठीको कोषको आधारमा दामासाही रूपमा एक रकम तोकिन्छ ।

११. यस गुठीमा सामूहिक कोष छ कि छैन ?

छ छैन

यदि छ भने त्यसका स्रोतहरू के हुन् ?

नयाँ सदस्यबाट प्राप्त रकम दण्ड जरिवानाबाट प्राप्त रकम

चन्दा सहयोगबाट प्राप्त रकम व्याजमा लगानी गरी प्राप्त रकम

माथिका सबै लाहापाङ्ग बाट उठेको रकम

१२. यस गुठीको सामूहिक कोष कसले परिचालन गर्दछ ?

गुठी समितिले पूजारीले पालोपर्ने व्यक्ति अन्य

१३. गुठीमा कोष कुन क्षेत्रमा परिचालन गरिन्छ ?

सामाजिक कार्यहरूमा गुठीभित्रमात्र समितिले लिन्छ।

गुठीका गुठियारहरूलाई ऋणको रूपमा दिइन्छ। अन्य

१४. गुठीद्वारा प्रवाह गरिने ऋण दिँदा कसलाई बढी प्राथमिकता दिइन्छ ?

गुठी समिति सदस्यलाई कमजोर आर्थिक अवस्था भएकाहरूलाई

पूजारीलाई पालो पर्ने सदस्यलाई बाहिरी व्यक्तिहरूलाई

१५. तपाईको गुठीमा सामूहिक कोष हिनामिना भएको छ कि छैन?

छ छैन

१६. गुठीको कोषबाट कहिल्यै ऋण सापटी लिनुभएको छ ?

छु छैन

यदि छ भने कसरी प्राप्त गर्नुहुन्छ।

निवेदन दिएर वार्षिक भेलामा उपस्थित भई माग गर्ने

समितिलाई व्यक्तिगत रूपमा भेट्ने अन्य

ऋण लिएवापत व्याज तिर्नुपर्छ कि पर्दैन ?

पर्छ पर्दैन

यदि पर्छ भने कति प्रतिशत तिर्नुपर्छ ?

सदस्यहरूले कति समयका लागि ऋण प्राप्त गर्छन ?

३ महिना ६ महिना १ वर्ष अन्य

यदि गुठीको कोषबाट लिएको ऋण समयमा बुझाएको छ कि छैन ?

छ छैन

१७. गुठीमा आबद्ध हुँदाआफुलाई सामाजिक रूपमा कत्तिको सुरक्षित ठान्नु हुन्छ ?

सुरक्षित भएको महसुस गरेको छु ।केही पनि छैन ६ ठीकै छ ।

१८. गुठियार सदस्यहरूबीचमा कुनै मतभेद वा विभेद छ कि छैन ?

धरै नै विभेद छ समानता छ थाहा छैन छैन

१९. गुठियार सदस्यहरूबीचमा द्वन्द्व छ कि छैन ?

छ छैन

२०. गुठीको सञ्चालक समिति कति समयमा परिवर्तन हुन्छ ।

३ बर्ष भि ५ वर्ष भित्र ५ वर्ष भन्दा बढी थाहा छैन

२१. संयुक्त परिवारबाट दाजुभाई छुट्टभिन्न हुँदा गुठीको प्रवेश गर्न के गर्नुपर्छ ?

बाबुको सदस्यबाट किसिलि चढाइ स्वत प्राप्त

सहुलियत दरमा निश्चित रकम तिरी

अन्य सदस्य सरहको रकम तिर्नुपर्छ ?

२२. गुठीमा गुठियार हुन के गर्नुपर्छ ?

स्थानीय बासिन्दा हुनुपर्छ । तोकिएको सदस्यता शुल्क तिर्नु पर्छ ।

गुठीमा बस्न इच्छुक हुनुपर्छ । माथिका दुवै

२३. गुठीको नाम कति जग्गा छ ?

..... आना/रोपनी थाहा छैन

दर्ता नै छैन सार्वजनिक जग्गाको प्रयोग भएको छ ।

२४. यदि छ भने उक्त जग्गाको भोगचलन कसले गर्दछ ?

गुठी समितिले　　　　　　　　　　गुठीको नायोले

सबै सदस्यले पालैपालो　　　　　　　　भोगचलन नै गरिँदैन

२५. महिलामात्र सदस्य भएमा कस्तो व्यवस्था छ ?

अन्य सदस्य सरहको व्यवस्था

सदस्य हुनै पाउँदैन

निश्चित बढी रकम तिरो ठेक्कामा बस्ने व्यवस्था

त्यस्तो केही व्यवस्था छैन

२६. यदि कुनै गुठियार सदस्य समितिले बोलाइएको बखत वा तोकिएको काममा उपस्थित नभएमा के गरिन्छ ?

सामाजिक बहिष्कार

अर्को पटक नदोहऱ्याउने सुझाव दिइन्छ

गुठी नीतिनियमअनुसार जरिवानासहित (वम लिई) चेतावनी दिइन्छ

केही पनि गरिँदैन

२७. गुठियारहरूले नीतिनियम उल्लङ्घन गरेमा के गर्ने गरिन्छ ?

सदस्यबाट वञ्चित　　　　　　　　आर्थिक जरिवाना

दण्ड र जरिवाना दुवै　　　　　　　　अन्य

२८. गुठीमा पुजारीको व्यवस्था छ कि छैन ?

छ　　　　　　　　छैन

यदि छ भने पुजारीको छनोट कसरी गरिन्छ ?

गुठियारमध्ये ज्येष्ठ सदस्य　　　　　　समितिले तोकेको व्यक्ति

सबैभन्दा धनी व्यक्ति　　　　　　　　सबैभन्दा शिक्षित व्यक्ति

पारिश्रमिकको व्यवस्था छ कि छैन ?

छ　　　　　　　　छैन

२९. तपाईको गुठीमा पालोको व्यवस्था छ कि छैन ?

छ छैन

यदि छ भने कति जना राखिने व्यवस्था छ ?

जना

तिनीहरूको छनोट कसरी गरिन्छ ?

निमुखा परिवारको सदस्य अशिक्षित सदस्यहरूबाट

सबैलाई पालैपालो हिसाबकिताबको खातापाता सुरक्षित राख्ने

३०. गुठीमा पालोपर्नेले के काम गर्नुपर्छ ?

मर्दापर्दा सबैलाई खवर गर्ने वार्षिक भेलासम्बन्धी सम्पूर्ण काम गर्ने

गुठीको सुरक्षा गर्ने हिसाबकिताबको खातापाता सुरक्षित राख्ने

माथिका सबै

३१. गुठीमा पालो पर्ने क्षेपा भन्नाले तपाई के बुझ्नु हुन्छ ?

गुठीसम्बन्धी कामहरूको सूचना दिने व्यक्ति

वार्षिक भेलासम्बन्धी प्रबन्ध मिलाउने र सम्पन्न गर्ने व्यक्ति

गुठीका आर्थिक प्रयोजनका लागि खटाइएको व्यक्ति

गुठीद्वारा सामाजिक काममा खटाइएको व्यक्ति

गुठी सम्बन्धी सूचना दिने, वार्षिक भेलासम्बन्धी सम्पूर्ण कार्य गर्ने व्यक्ति

३२. गुठीका पालोपर्ने क्षेपाहरूले तपाईलाई के कस्ता सहयोग पुऱ्याएका छन् ?

समयमै सूचना दिने मर्दापर्दा कामहरूमा सघाउने

केही पनि सहयोग गर्दैनन्

३३. यस गुठीले सामाजिक क्षेत्रमा कस्ता योगदान पुऱ्याइको छ ?

विद्यालय, बाटोघाटो, धारा मठमन्दिर निर्माण सहयोग

समुदायमा सहयोगीको भूमिका खेल्ने

समुदायमा आर्थिक समस्या समाधान गर्न ऋण दिने

सदस्य वा गुठियारहरूलाई सामाजिक कार्यतर्फ प्रेरित गर्ने

आफ्नो संस्कृति, चालचलन आदिको संरक्षण र प्रबर्द्धन गर्ने

माथिका सबै

३४. गुठीमा महिलाहरूको सहभागिता कस्तो देखिन्छ।

नगन्य उल्लेख्य/धेरै सामान्य

३५. गुठीसम्बन्धी महत्वपूर्ण निर्णय कसले गर्दछ ?

नायोले समितिले

साधारण वार्षिक भेलामा व्यक्तिगत रूपमा

तपाइँ गुठीलाई आफ्नो तर्फबाट कस्तो खालको सहयोग पुऱ्याउनु भएको छ ?

...........................................................................................

३६. तपाइँ एक साधारण गुठियारको हैसियतले गुठीसमिति र अगुवाहरूले गरेको कामप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट छु सन्तुष्ट छैन

यदि सन्तुष्ट हुनुहुन्छ भने त्यसका कारणहरू के के हुन् ?

...........................................................................................

यदि सन्तुष्ट हुनुहुन्न भने त्यसका कारणहरू के के हुन् ?

...........................................................................................

३७. गुठी संलग्न हुँदा के कस्ता सुविधा प्राप्त गर्नु भएको छ ?

...........................................................................................

३८. यस समुदायमा गुठीको निरन्तरताको आवश्यकता छ कि छैन?

छ छैन

यदि छ भने कारणहरू के के हुन् ?

.....................................................................................................

यदि छैन भने कारणहरू के के हुन् ?

.....................................................................................................

३९. गुठीको उद्देश्य र मूल आशयअनुसार यसको काम प्रभावकारी बनाउन के गर्नुपर्ला?

.....................................................................................................

४०. तपाइँको गुठीमा के कस्ता समस्याहरू छन् ?

.....................................................................................................

४१. गुठीका समस्या समाधानको लागि के कस्ता प्रयासहरू गरिएका छन् ?


.....................................................................................................

४२. गुठीका भावी योजनाहरू केही छन् कि ?

.....................................................................................................

४३. अन्त्यमा गुठीसम्बन्धी केही सुझाव छ कि ?

.....................................................................................................


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)


कास्की जिल्ला



शोधकर्ता उत्तरदातासँग प्रश्नावली सूची भर्न अन्तर्वाता लिदै



गुठीको वार्षिक भेलामा पालेहरूले ल्याइएको सेलरोटी र अन्य खानेकुराहरू



गुठीको वार्षिक भेलामा जम्मा भएको रकम लगानी गर्दै ।



श्री रमा भगवती सिं गुठीको प्रसाद




गुठीको वार्षिक भेलामा जेष्ठ नागरिकहरू र पालेलाई सम्मान गर्दै ।



भूपु नायोसँग प्रश्नावली भराउँदै गरेको



गुठीका गुठियारहरूसँग प्रश्नावलीहरू भराउँदै ।



गुठीको वर्तमान नायोसँग अन्तर्वाता लिँदै ।